नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com



मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:

9854028218

9802592799

9803474311

9817806395


## ज्येष्ठ नागरिक–दिवा सेवा केन्द्रलाई थप व्यवस्थित गर्छौं: मन्त्री वादी

बाँकी पृष्ठ ५ मा




वर्ष ४ | अंक २२९ | २०८३ साल असार २३ गते मंगलबार | Tuesday 07, July 2026 | सूर्योदय: बिहान ०५:१७ बजे | सूर्यास्त: साँझ ०७:०३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-


# बनेका सडक भत्काउने–टालटुल पारेर

# फेरि नयाँ देखाउने ?

**मधेशदृष्टि**
**जनकपुरधाम।**

### पहिलो वर्षः

कुनै गाउँमा पोखरी नभएर समस्या परेको समाचार पत्रकारलाई छाप्न लगाइयो । त्यसपछि त्यहाँ बजेट पारियो । अनि पोखरी खनियो ।

### दोस्रो वर्षः

पोखरी खनेपछि झन समस्या भयो, बालबच्चा, पशुचौपाया डुबेर मरे । पत्रकार बोलाएर फेरि समाचार लेखाइयो, 'पोखरीले जनता असुरक्षित ।' त्यसपछि फेरि पोखरी पुर्ने बजेट आयो । पोखरी पुरियो ।



### नतिजाः

खासमा पोखरी खनिएकै थिएन । समाचार बनाएर बजेट ल्याइयो । फेरि समाचार बनाएर पोखरी पुरेको बजेट पनि मिलेमतोमा खाइयो, पत्रकार पनि सामेल थिए।

यो मजाकलाई पुरेर मधेशमा सुशासनको हरक दिनु पर्ने हो प्रदेश सरकारले । भरे ढल्छ कि भोलि बदलिन्छ, भगवानभरोस् प्रदेश सरकारका पनि रवैया यस्तै देखिन्छन् । यही विकासबारे मजाकजस्तै खबर आएको छ।

प्रसंग हो, मधेश प्रदेश सरकारको पूर्वाधार विकास मन्त्रालयमार्फत १ सय ६७ मिटर लम्बाइमा भूमिगत ह्युमपाइपसहित ढल निकास निर्माणको योजनाको । करिब ३० लाख रुपैयाँ लागतको योजना इ–बिडिङमार्फत ठेक्का पाएपछि निर्माण कम्पनीले जेठ महिनादेखि काम सुरु गरेको छ।

भइरहेको के छ भने आर्थिक वर्षको अन्तिम समयमा बजेट खर्च गर्ने हतारमा सञ्चालन गरिने विकास निर्माणका कामप्रति उठ्दै आएको असन्तुष्टि यसमा पनि छताछुल्ल भएको छ । जनकपुरधाम–९ को साकेतनगरमा केही महिनाअघि मात्रै सहज रूपमा सञ्चालनमा रहेको पक्की सडक ढल निर्माणका लागि भत्काइएपछि स्थानीय बासिन्दा, विद्यार्थी, बिरामी तथा सर्वसाधारणले दैनिक सास्ती भोगेका छन्।

रामानन्द चोक नजिक रहेको साकेतनगरको सडक अहिले खाल्डाखुल्डी, हिलो र पानीले भरिएको छ।

वर्षाको बीचमा सडक भत्काइएकाले सामान्य वर्षा हुँदा पनि पैदल हिँड्न कठिन हुने अवस्था सिर्जना भएको छ।

स्थानीयवासीका अनुसार वर्षभरि योजना कार्यान्वयन नगरी आर्थिक वर्षको अन्तिममा बजेट सक्ने हतारमा काम सुरु गर्ने परम्पराकै कारण नागरिकले दुःख पाउनुपरेको हो।

उनीहरूले ढल व्यवस्थापन आवश्यक भए पनि राम्रो अवस्थामा रहेको पक्की सडक नै भत्काउनु योजना निर्माणको कमजोरी र सम्बन्धित निकायबीच समन्वय अभावको परिणाम भएको बताएका छन्।

सडकको दुरावस्थाले सोही मार्गमा रहेको एन्जल्स बोर्डिङ स्कुलका सयौं विद्यार्थी प्रत्यक्ष प्रभावित भएका छन्। विद्यार्थीहरू दैनिक हिलो र पानी छिचोल्दै विद्यालय पुग्न बाध्य छन् भने साना कक्षाका बालबालिकाले जुत्ता–मोजा हातमा बोकेर विद्यालय जाने अवस्था बनेको छ । कतिपय अभिभावकले बालबालिकालाई बोकेर विद्यालय पु¥याउनुपर्ने बाध्यता रहेको बताए।

विद्यालयका प्रधानाध्यापक कामेश्वर यादवले वर्षाको समयमा सडक भत्काउनु प्राविधिक रूपमा उपयुक्त नभएको बताउँदै यस्ता निर्माणकार्य हिउँदमा सम्पन्न गरिएको भए स्थानीयले सास्ती भोग्नुपर्ने अवस्था नआउने र निर्माणको गुणस्तर पनि राम्रो हुने बताए । सडकको समस्याका कारण विद्यार्थीको उपस्थितिमा असर परेको तथा शिक्षक–शिक्षिकालाई समेत नियमित रूपमा विद्यालय आउन कठिन भएको उनले बताए। सडकको अवस्थाले शिक्षा मात्र नभई स्वास्थ्य सेवा पनि प्रभावित भएको छ।

यही सडकमा रहेको जनकपुर मोडेल अस्पताल तथा निजी क्लिनिकमा उपचारका लागि पुग्ने बिरामीले पनि हिलो र अव्यवस्थित सडकका कारण कठिनाइ भोगिरहेका छन्। उपचारका लागि आएकी एक महिलाले राम्रो अवस्थामा रहेको सडक किन भत्काइयो भन्ने प्रश्न उठाउँदै ढल निर्माणको योजना सडक निर्माणअघि नै बनाउनुपर्ने बताइन् । उनका अनुसार एउटै सडक पटकपटक भत्काएर पुनः निर्माण गर्नु सरकारी स्रोतको दुरुपयोग हो।

स्थानीयका अनुसार योजना सुरु गर्नुअघि कुनै सार्वजनिक सूचना वा छलफल नगरिएकाले उनीहरूले विरोधसमेत गरेका थिए । स्थानीय नवलकिशोर कर्णले सडक किन भत्काइँदैछ, ढल मात्र बन्ने हो वा पुनः सडक पनि निर्माण हुने हो भन्ने स्पष्ट जानकारी नदिइएको गुनासो गरे।

स्थानीय बुद्धिजीवी तथा समाजसेवीहरूले योजना निर्माणमै गम्भीर कमजोरी रहेको बताएका छन् । उनीहरूका अनुसार ढल निकासको संरचना सडक निर्माणअघि नै तयार गरिएको भए नयाँ सडक पुनः भत्काउनुपर्ने अवस्था आउने थिएन।

स्थानीय प्रभास झाले केही वर्षअघि मात्रै लाखौँ रुपैयाँ खर्च गरेर निर्माण गरिएको सडक फेरि भत्काउनु करदाताको पैसामाथिको खेलबाड भएको आरोप लगाए । खेलकुदकर्मी नवीन सिंहले पनि एउटै सडकमा पटकपटक बजेट खर्च गर्नु विकास नभई आर्थिक अनियमितताको संकेत भएको टिप्पणी गरे।

जनकपुरधाम उपमहानगरपालिका–९ का वडाध्यक्ष परमेश्वर साहले उक्त आयोजना प्रदेश सरकारको बजेटबाट सञ्चालन भइरहेकाले स्थानीय तहको प्रत्यक्ष भूमिका नरहेको बताए । मन्त्रालयबाट जानकारी आएपछि मात्र आफूहरू योजनाबारे जानकार भएको उनको भनाइ छ।

स्थानीयवासीले संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वयको अभावका कारण एउटै क्षेत्रमा पटकपटक फरक शीर्षकमा बजेट खर्च हुने गरेको बताएका छन् । उनीहरूका अनुसार दीर्घकालीन योजना र गुणस्तरीय विकासभन्दा आर्थिक वर्षभित्र बजेट सक्ने मानसिकताले विकास निर्माणको प्रभावकारिता कमजोर बनाएको छ।

स्थानीयले सडक निर्माणको काम शीघ्र सम्पन्न गर्न, निर्माणको गुणस्तर सुनिश्चित गर्न तथा भविष्यमा एउटै संरचना पटकपटक भत्काएर सार्वजनिक धनको दुरुपयोग हुने प्रवृत्ति रोक्न सम्बन्धित निकायसँग माग गरेका छन्।

# बाख्रालाई ५ रुपैयाँको खोप हाकिमलाई कमिसनको लोभ !

**मधेशदृष्टि**
**जनकपुरधाम।**




अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्याक्सिनेटरसँग घुस मागेको उजुरीपछि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सप्तरीमा छापा मारेर कार्यालय प्रमुखसहित दुई जनालाई नियन्त्रणमा लिएको छ।

पशुचौपाया तथा बाख्रामा लाग्ने महामारीजन्य रोगविरुद्ध लगाइने पीपीआर खोप कार्यक्रमअन्तर्गत कार्यरत भ्याक्सिनेटरबाट भुक्तानी गरिदिने नाममा २० देखि २५ प्रतिशतसम्म रकम घुस मागिएको सामूहिक उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीको टोलीले सोमबार कार्यालयमा छापा मारेको हो । अख्तियारको टोलीले कार्यालय प्रमुख रामपवित्र दास र सवारी चालक भोगेन्द्र यादवलाई कार्यालयबाटै नियन्त्रणमा लिएको छ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले कार्यालय प्रमुख र सवारी चालकलाई अख्तियारको टोलीले नियन्त्रणमा लिएको जानकारी प्राप्त भएको पुष्टि गरेका छन्।

उजुरीअनुसार कार्यालय प्रमुख दासले भ्याक्सिनेटरहरूसँग घुस रकम माग्न सवारी चालकमार्फत फोन गराएर दबाब दिने गरेका थिए। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले भ्याक्सिनेटरहरूलाई बाख्रामा पीपीआर खोप लगाएबापत प्रतिवटा ५ रुपैयाँ र अन्य पशुचौपायामा प्रतिवटा १० रुपैयाँका दरले पारिश्रमिक उपलब्ध गराउने व्यवस्था गरेको छ । भुक्तानीका लागि सम्बन्धित वडाध्यक्षबाट खोप लगाएको प्रमाणित गराई निवेदन पेश गर्नुपर्ने व्यवस्था छ।

भुक्तानी लिन जाँदा कार्यालय प्रमुखले घुस मागेको आरोप लगाउँदै भ्याक्सिनेटरहरूले सामूहिक रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिएका थिए । उजुरीपछि अख्तियारले घटनाबारे थप अनुसन्धान अघि बढाएको जनाएको छ।

# सिंहदरबारको सिस्टम सरकारले नै बिगारेको प्रसाईंको आरोप

**मधेशदृष्टि**
**जनकपुरधाम।**



नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंले वर्तमान सरकारप्रति कडा टिप्पणी गर्दै सिंहदरबारको प्रणाली सरकारमा रहेका व्यक्तिहरूकै कारण कमजोर बनेको आरोप लगाएका छन्।

पूर्वसांसद धवल शमशेर राणासँगै जनकपुरधाम आइपुगेका प्रसाईंले सञ्चारकर्मीसँग कुरा गर्दै सिंहदरबारमा आगो लगाउनेहरू नै अहिले सत्तामा रहेको दाबी गरे । उनले त्यही कारण अहिले सिंहदरबारको सम्पूर्ण प्रणाली बिग्रिएको आरोप लगाए।

वर्तमान सरकारले १०० दिनको कार्यकाल पूरा गरेको उल्लेख गर्दै प्रसाईंले आफूहरूले त्यसको समीक्षा अझै नगरेको भए पनि छिट्टै सरकारको १०० दिने कार्यसम्पादनको समीक्षा गर्दै भिडियो सार्वजनिक गर्ने जानकारी दिए । उहाँले वर्तमान सरकारले नेपालको अन्तर्राष्ट्रिय सम्बन्धसमेत प्रभावित बनाइरहेको आरोप लगाए। नेपालमा विगतमा कहिल्यै दलाई लामाको जन्मोत्सव नमनाइने गरेको उल्लेख गर्दै अहिले त्यसलाई मनाउन थालिएको भन्दै यसले नेपालले उक्त विषयलाई स्वीकार गरेको सन्देश गएको दाबी गरे । प्रसाईंले आफ्ना भनाइमा सरकारको विदेश नीतिसम्बन्धी विषयमा समेत प्रश्न उठाउँदै राष्ट्रिय हितलाई केन्द्रमा राखेर नीति अवलम्बन गर्नुपर्ने धारणा व्यक्त गरे । नागरिक बचाउ महाअभियानको कार्यक्रमअन्तर्गत प्रसाईं मंगलबार जनकपुरधाममा कार्यकर्तासँग भेटघाट गर्ने कार्यक्रम रहेको छ । साथै उनले जानकी मन्दिरमा पूजा–अर्चना गर्ने, नगरमा जुलुस निकाल्ने तथा साँझ जानकी मन्दिर परिसरमा दीप प्रज्वलन कार्यक्रममा सहभागी हुने कार्यतालिका रहेको जनाइएको छ।

# भाइरल भिडियोबारे यातायात कार्यालय बाराको स्पष्टिकरण

# 'सम्पादित भिडियोका आधारमा भ्रम नफैलाउन आग्रह'

**कलैया।**




सामाजिक सञ्जालमा भाइरल बनेको एक भिडियोप्रति ध्यानाकर्षण भएको जनाउँदै यातायात व्यवस्था कार्यालय, बाराले उक्त घटनाको वास्तविकता स्पष्ट पार्दै अपूर्ण तथा सम्पादित भिडियोका आधारमा भ्रमपूर्ण प्रचार–प्रसार नगर्न सबैमा आग्रह गरेको छ । कार्यालयले सोमबार जारी गरेको विज्ञप्तिअनुसार सामाजिक सञ्जाल तथा विभिन्न सञ्चार माध्यममा कार्यालय प्रमुख चिन्तन आचार्यसँग सम्बन्धित भिडियो सार्वजनिक भएपछि त्यसबारे विभिन्न टिप्पणीहरू भइरहेका छन् । कार्यालयका अनुसार घटना वि.सं. २०८२ साल फागुन महिनामा कार्यालय परिसरमै भएको थियो । विज्ञप्तिमा उल्लेख भएअनुसार सम्बन्धित व्यक्तिले आफू पत्रकार भएको परिचय दिँदै कार्यालयमा प्रवेश गरी कर्मचारीहरूमाथि अनावश्यक दबाब सिर्जना गर्ने, अपशब्द प्रयोग गर्ने तथा कार्यालयको नियमित कार्यसम्पादनमा अवरोध पु¥याउने गतिविधि गरेपछि सामान्य विवाद उत्पन्न भएको थियो । कार्यालयले सामाजिक सञ्जालमा सार्वजनिक गरिएको भिडियो घटनाको सम्पूर्ण दृश्य नभई सानो अंश मात्र सम्पादन गरेर राखिएको दाबी गरेको छ । त्यसैले सोही भिडियोका आधारमा घटनाको वास्तविकता बुझ्न कठिन हुने उल्लेख गर्दै घटनापछि दुवै पक्षबीच छलफल भई आपसी समझदारीमा मिलापत्र भइसकेको जानकारी दिएको छ।

यातायात व्यवस्था कार्यालयले कार्यालय प्रमुख वा कर्मचारीहरूको कुनैपनि उद्देश्य सेवाग्राहीमाथि दुर्व्यवहार गर्ने नभएको स्पष्ट पार्दै कार्यालयको शान्ति, सुरक्षा तथा नियमित सेवा प्रवाहलाई निरन्तर कायम राख्ने प्रतिबद्धता दोहो¥याएको छ । साथै, घटनासम्बन्धी कुनै पनि निकायबाट अनुसन्धान वा छानबिन भएमा पूर्ण सहयोग गर्ने जनाएको छ । विज्ञप्तिमार्फत कार्यालयले अपूर्ण भिडियो वा एकपक्षीय सूचनाका आधारमा भ्रम फैलाउने, तथ्यविपरीत प्रचार–प्रसार गर्ने तथा कार्यालय र कर्मचारीहरूको प्रतिष्ठामा आँच पुग्ने गतिविधि नगर्न सञ्चारमाध्यम, सामाजिक सञ्जाल प्रयोगकर्ता तथा सरोकारवालासमक्ष हार्दिक अनुरोध गरेको छ।

यातायात व्यवस्था कार्यालय, बाराले आफू सधैं कानुनको परिधिभित्र रही सेवाग्राहीलाई सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गर्न प्रतिबद्ध रहेको पुनः विश्वास दिलाएको छ।


हार्भेस्टर किन्नु अघि

यो कुरा अवश्य सोच्नुहोस्!

हार्बेस्टर बेच्ने धेरै छन्,

तर भरपर्दो स्पेयर पार्ट्स् र सर्भिस दिने कति छन्

हार्बेस्टर सिजनमा एक दिन पनि बन्द भयो भने किसानलाई ठूलो आर्थिक नोक्सानी हुन सक्छ ।

आज धेरै हार्भेस्टरहरू स्पेयर पार्ट्सको अभाव र समयमा सर्भिस नपाउँदा प्रयोगविहीन बनेका छन् ।

किन रोज्ने त्रिशक्ति ट्रेक्टर, वीरगंज ?

- हार्भेस्टरका विशाल स्पेयर पार्ट्स स्टक सधैं उपलब्ध ।
- आवश्यक स्पेयर पार्ट्स २४ घण्टाभित्र तपाईंको स्थानसम्म डेलिभरी ।
- दक्ष र अनुभवी सर्भिस इन्जिनियरहरूको टोली ।
- आवश्यक परे २४ घण्टाभित्र घरदैलोमै सर्भिस ।
- आधुनिक सर्भिस स्टेशन ।
- २५ वर्षभन्दा बढीको अनुभव र हजारौं किसानको विश्वास ।




हामी केवल हार्बेस्टर बेच्दैनौं, बिक्रीपछिको सेवाको पनि पूर्ण जिम्मेवारी लिन्छौं ।

त्रिशक्ति ट्रेक्टर, वीरगंज

किसानको विश्वास, हाम्रो प्रतिबद्धता !

सम्पर्क: 98550 21281

# नेपाल भारत सीमा नाकामा पुरुषको शव फेला



**मधेशदृष्टि**
**कलैया।**
बाराको पचरौता नगरपालिका–१ स्थित नेपाल–भारत सीमामा रहेको जमुनिया खोलाको झाडीमा एक जना पुरुषको शव फेला परेको छ।

मृतकको पहिचान खुल्न सकेको छैन । भारतीय एसएसबीले आइतबार बेलुकी करिब साढे ७ बजे सीमावर्ती क्षेत्रमा एक जना अपरिचत पुरुषको शव फेला परेको जानकारी बाराको पिपरपाती प्रहरी चौकीमा गराएको थियो।

प्रहरी चौकी पिपरपातीबाट प्रहरी सहायक निरीक्षक समसुदिन मियाँ तेलीको नेतृत्व खटिएको प्रहरीको टोली घटनास्थलमा पुगेको थियो।

प्रहरी सहायक निरीक्षक तेलीका अनुसार ,नेपाल–भारत सीमाको दशगजा क्षेत्रमा रहेको ३६३÷३० नम्बरको पिलरबाट करिब १५४ फिट पश्चिम–उत्तरतर्फ जमुनिया खोलाको किनारको झाडीमा शव फेला परेको हो।

अन्दाजी ३३ देखि ३५ वर्ष उमेर समूहका पुरुषको शवको हालसम्म पहिचान हुन सकेको छैन।

शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल कलैयामा पठाइएको र घटनाका बारेमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# मल वितरणमा सरकारी संयन्त्र चुस्त: १९ दिनमै साढे ४० हजार मेट्रिकटन आपूर्ति

**काठमाडौं।**
यसवर्ष मनसुन सक्रिय भएसँगै देशभर धान रोपाइँ सुरु भएको छ । रोपाइँकै यो अभियानका बीच विगतका वर्षहरूमा जस्तो यसपटक किसानले रासायनिक मलको अभाव भने झेल्नुपरेको छैन । असारको सुरुआती १९ दिनमै साढे ४० हजार मेट्रिकटनभन्दा बढी रासायनिक मलको सहज बिक्री–वितरण भइसकेको छ । यसबाट मल आपूर्ति प्रणालीमा सरकारको पूर्वतयारी सहितको उपस्थितिले पुष्टि गरेको बताइएको छ।

यही असार १ देखि १९ गतेसम्मको सरकारी तथ्याङ्कअनुसार कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत कूल ४० हजार ५६९.२५ मेट्रिक टन रासायनिक मल किसानको खेतबारीसम्म पुगिसकेको छ । विगतका वर्षहरूमा धान रोपाइँको मुख्ययाममै किसानले रासायनिक मल नपाएर सास्ती खेप्नुपर्ने बाध्यात्मक अवस्था थियो, प्रधानमन्त्री वालेन्द्र शाहको प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहाल भन्छन्, “तर यसपटक सरकारले बेलैमा आपूर्ति व्यवस्थापन, भण्डारण र वितरण प्रणालीलाई वैज्ञानिक र चुस्त बनाएका कारण किसानले माग गरेकै समयमा सहज रूपमा मल पाइरहेका छन्।

यसबाट राष्ट्रिय आपूर्तिमा सरकारी निकायका बीचको समन्वय पनि निकै प्रभावकारी देखिएको छ। कूल वितरणमध्ये कृषि सामग्री कम्पनी लिमिटेडले २६ हजार ९९४.६५ मेट्रिकटन आपूर्ति गर्दै वितरणको ठूलो हिस्सा सम्हालेको छ। साल्ट ट्रेडिङ कर्पोरेसनले १३ हजार ५७४.६ मेट्रिकटन मल उपभोक्ता समक्ष पु¥याएर बजारको मागलाई सन्तुलित बनाएको छ।

रापोइँको समयमा मलको आवश्यकताका बारेमा जानकार रहेको सरकारी संयन्त्रले मागअनुसार कै मल बजारमा पठाएका कारण यस अवधिमा सबैभन्दा बढी २३ हजार ४८२.४ मेट्रिकटन युरिया, १७ हजार ७४९ मेट्रिकटन डिएपी र दुई हजार ३३७ मेट्रिकटन पोटास मल किसानले सहजै प्राप्त गर्न सकेका हुन्।

विगतका अनुभवहरूलाई हेर्दा असार १५ गते (राष्ट्रिय धान दिवस) को आसपासमा मलको माग अत्यधिक भई प्रणाली नै प्रभावित हुने गर्दथ्यो । असारको सुरुमा दैनिक औसत बिक्री ८७६। ४५ मेट्रिकटन मात्र रहेकोमा असार १५ गते बढेर चार हजार ८७७.१५ मेट्रिकटन पुगेको थियो। विगतका कैयौँ बर्षका तुलनामा यो सबैभन्दा धेरै मात्रा हो।

तर, माग सँगसँगै वितरण प्रणालीलाई पनि समानान्तर रूपमा चुस्त राखिएकाले एकैदिन झण्डै पाँच हजार टन मल वितरण हुँदासमेत कतै पनि आपूर्ति श्रृङ्खला नखल्बलिएको कृषिका अधिकारीहरु बताउँछन्।

प्रेस तथा अनुसन्धान विज्ञ दाहाल भन्छन्, असार १५ गते एकैदिन करिब पाँच हजार मेट्रिकटन मल कुनै अवरोध विना किसानको हातमा पुग्नु आफैँमा सरकारी संयन्त्रको प्रभावकारिता र किसानप्रतिको जवाफदेहिताको बलियो प्रमाण हो । आगामी दिनमा पनि मलको अभाव हुन नदिन प्रधानमन्त्री कार्यालयले निरन्तर अनुगमन र समन्वय गरिरहेकै छ।

समयमै बजेट सुनिश्चितता, वैदेशिक खरिद प्रक्रियाको पूर्वतयारी र जिल्ला–जिल्लामा रहेका डिपोको निरन्तर निगरानीका कारण यसवर्ष रासायनिक मलको मौज्दात पर्याप्त रहेको छ । सरकारको योजनाबद्ध पहल र सक्रिय अग्रसरताले बाँकी यामहरूमा पनि कृषि क्षेत्रमा आवश्यक सहयोग, समन्वय तथा उत्साहलाई निरन्तरता दिने विश्वास व्यक्त गरिएको छ। रासस

# लागुऔषध गाँजासहित भारतीय नागरिक पक्राउ




**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रहरी कार्यालय पर्साले ठूलो परिमाणमा लागू औषध गाँजा सहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ।

विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय जानकीटोलाबाट खटिएको गस्ती टोलीले गए राती जगरनाथपुर गाउँपालिका–२ स्थित इनर्वा जाने चोकमा भारततर्फ जाँदै गरेको बि.आर. ०१ सि.यू. ३५४४ नम्बरको कारलाई शंकाको आधारमा रोकी जाँच गरेको थियो।

जाँचका क्रममा कारभित्र लुकाई–छिपाई राखिएको १० वटा पोका भित्र १०२ केजी ६३८ ग्राम गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ। घटनामा संलग्न रहेको आरोपमा भारत, बिहार राज्य, बेतिया नवलपुर निवासी ३२ वर्षीय गुडु बर्मालाई पक्राउ गरिएको छ । प्रहरीले प्रयोग गरिएको सवारी साधनसमेत नियन्त्रणमा लिएको छ।

प्रहरीका अनुसार पक्राउ परेका व्यक्तिमाथि आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको छ।

# जनगरनाथपुर स्थित नव निर्मित प्रवेशद्वारको उद्घाटन



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जगरनाथपुर गाउँपालिका वडा नम्बर ३ जमुनिया गाँउमा प्रवेश गर्ने स्थानमा नवनिर्मित पक्की प्रवेशद्धारको सोमबार समुद्घाटन गरिएको छ।

पूर्व उद्योग वाणिज्य तथा आपुर्तिमन्त्री एंव नेपाली काँग्रेसका नेता रमेश रिजालले उक्त स्वागत प्रवेशद्धारको समुद्धघाटन गरेका हुन्।

जगरनाथपुर गाँउपालिकाको पालिकास्तरीय बजेटबाट उपलब्ध् २२ लाख ५० हजार रुपैयाँको लागतमा प्रवेशद्वार निर्माण गरिएको जगरनाथपुर गाउँपालिकाको कार्यालयले जनाएको छ।

पालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवको अध्यक्षता आयोजित उघाटन कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष बबिता सिंह क्षेत्री, वडाध्यक्षहरु सुभाष यादव, लक्ष्मी साह तेली, नेपाली कुशवाहा, बिहारी नुनीयाका साथै स्थानीय बासिन्दाको उल्लेखनीय सहभागिता थियो।

# पूर्वी नेपालको पर्यटन पर्वद्धनमा महिला व्यवसायी सक्रिय



**काठमाडौं।**
पूर्वी नेपालको पर्यटन परवद्र्धन गर्ने उद्देश्यका साथ महिला व्यवसायीले अभियान सुरु गरेको जनाएका छन्। नेपाल पर्यटन बोर्डको सहकार्यमा महिला पर्यटन व्यवसायी सञ्जालले पूर्वी नेपालको पर्यटन सम्भावनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पु¥याउने उद्देश्यले कोशी प्रदेशका विभिन्न पर्यटकीय गन्तव्यमा प्रवद्र्धनात्मक भ्रमण तथा अन्तरक्रिया गरेको छ । महिला व्यवसायीहरूले यही असार १८ देखि २१ गतेसम्म पूर्वी नेपालको विभिन्न गन्तव्यको भ्रमण गरेका थिए।

पर्यटन क्षेत्रमा सक्रिय महिला उद्यमीले कोशी प्रदेशका नयाँ तथा स्थापित पर्यटकीयस्थलको अवलोकन गर्दै स्थानीय सरोकार भएका व्यक्ति तथा समुदायसँग छलफल गरेको नेपाल पर्यटन बोर्डले जनाएको छ।

भ्रमणका क्रममा स्थानीय सरकार, पर्यटन व्यवसायी, घरबास कार्यक्रमका सञ्चालक र स्थानीय समुदायसँग पर्यटन विकासका चुनौती र आगामी रणनीतिका विषयमा संवाद गरेको थियो । इलामको प्रमुख पर्यटकीयस्थल श्री अन्तुमा आयोजित कार्यक्रममा सञ्जालकी अध्यक्ष जया बराललले कोशी प्रदेश प्राकृतिक, धार्मिक र सांस्कृतिक रूपमा नेपालकै समृद्ध क्षेत्र भएको बताएको बोर्डले जनाएको छ।

‘पूर्वी नेपालको सौन्दर्यलाई स्थानीय कृषि, संस्कृति र जीवनशैलीसँग जोडेर ‘एग्रो–टुरिजम’का रूपमा विकास गर्न आवश्यक छ, यसले नेपालको ग्रामीण अर्थतन्त्र अझ सशक्त बन्नेछ,’ उनले भने । प्रत्येक स्थानीय तहले आफ्ना मौलिक विशेषता पहिचान गरी एकीकृत पर्यटन ‘प्याकेज’ निर्माण गर्नुपर्ने उनको भनाइ थियो।

अन्तु पर्यटन व्यवसायी सङ्घकी कोषाध्यक्ष कञ्चना बराललले नेपालकै पहिलो सूर्योदय देखिने अन्तु क्षेत्रमा न्यून बजेटका होमस्टेदेखि उच्चस्तरीय तारे होटलसम्मको सुविधा उपलब्ध भइसकेको जानकारी दिइन्। उनले पर्यटकीय पूर्वाधार निर्माणमा सरकारी बजेट बढाउन र स्पष्ट पर्यटन नीति ल्याउन सरकारसँग माग गरिन्।

यस्तै, अन्तुडाँडा सामुदायिक ‘होमस्टे’का अध्यक्ष धनकुमार आलेले पूर्वी नेपालका गाउँमा पर्यटन विस्तारका लागि होमस्टे सञ्जाललाई थप सुदृढ बनाउनुपर्ने बताए । सूर्योदय नगरपालिका–५ का वडाध्यक्ष उर्गेन बम्जनले स्थानीय सरकारले पर्यटनलाई विकासको मुख्य आधार मानेर सडक, पदमार्ग र अन्य पूर्वाधारमा लगानी गरिरहेको बताए।

चालु आर्थिक वर्षमा पर्यटन विकासका लागि बजेट विनियोजन गरिएको र महिला तथा स्थानीय समुदायलाई पर्यटनसँग जोड्ने कार्यक्रमलाई प्राथमिकता दिइएको उनको भनाइ थियो। काठमाडौँबाट सुरु भएको प्रर्वद्धनात्मक भ्रमण टोलीले कोशी ब्यारेज, झापा, इलामको श्रीअन्तु र बराह क्षेत्रलगायत गन्तव्यको अवलोकन गरेको थियो। उक्त अभियानले नयाँ गन्तव्यको प्रचारप्रसारका साथै महिला उद्यमशीलता र दिगो पर्यटन विकासमा ठूलो सहयोग पुग्ने बताइएको छ। रासस

# पोखरा–दुबई उडान दिगो बनाउन पहल

**गण्डकी।**
आगामी सेप्टेम्बर २३ देखि सुरु हुने पोखरा–दुबई हवाई उडान सेवालाई दिगो बनाउने विषयमा फ्लाइ दुबईका प्रतिनिधि र पोखराका पर्यटन व्यवसायीहरूबीच छलफल भएको छ। आइतबार पोखरा उद्योग वाणिज्य सङ्घ र रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) पोखराका पदाधिकारीसँगको भेटमा फ्लाइ दुबईका नेपालस्थित महाप्रबन्धक नवराज शाहीले पोखरा उडानलाई दिगो बनाउनेगरी काम सुरु भएको बताए।

पोखरा–दुबई उडानलाई स्थायित्व दिन स्थानीयवासी र सरोकारवालाको सहयोग महत्त्वपूर्ण हुने उनको भनाइ थियो। यो उडानले गण्डकी प्रदेश र आसपासका नागरिकलाई सोझै लन्डन, न्युयोर्क, टोकियोजस्ता विश्वका २५० भन्दा बढी गन्तव्यमा पुग्ने अवसर आएको महाप्रबन्धक शाहीले बताए।

सो अवसरमा पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्कीले पोखराबाट हुने अन्तरराष्ट्रिय उडानलाई दिगो बनाउन निजी क्षेत्रले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । फ्लाइ दुबईको भगिनी संस्था फ्लाइ इमिरेट्सका महाप्रबन्धक रमेश लामिछानेले उडानलाई दीर्घकालीन बनाउन सम्पूर्ण तयारी भएको बताए । पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले फ्लाइ दुबईको पोखरा–दुबई उडानलाई नियमित र दिगो बनाउन सम्बद्ध सबै पक्षको सहयोग आवश्यक रहेको बताए।

रेष्टुरेन्ट एन्ड बार एसोसिएसन नेपाल (रेवान) पोखरा र फ्लाइ दुबईका पदाधिकारीबीच पर्यटन प्रवद्र्धन, व्यावसायिक सहकार्य तथा आपसी हितका विविध विषयमा छलफल भएको थियो। पर्यटन क्षेत्रको दिगो विकास, अन्तरराष्ट्रिय पर्यटक आगमन वृद्धि तथा निजी क्षेत्रबीचको सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा जोड दिइएको थियो।

नेपाल नागरिक उड्डयन प्राधिकरणले गत महिना फ्लाइ दुबईलाई दुबई–पोखरा–दुबई दैनिक उडानका लागि अनुमति दिएको थियो । यसबीचमा फ्लाइ दुबईले उडान तालिका सार्वजनिक गरिसकेको छ । सुरुमा एक महिनाका लागि मात्र दिनको एकपटक उडान गर्ने घोषणा गरेको फ्लाइ दुबईले सन् २०२७ को मार्च २६ सम्मकै बुकिङ खुला गरिएको जनाएको छ।

फ्लाइ दुबईको टोलीले केही समयअघि पोखरा अन्तरराष्ट्रिय विमानस्थलको उच्चस्तरीय सुरक्षा, सेफ्टी तथा सञ्चालनसम्बन्धी निरीक्षण गरेको थियो । सरकारले आगामी आव २०८३÷८४ को नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाइ दुबईले उडान अनुमति पाएको थियो।

पर्यटकीय राजधानीसमेत रहेको पोखरा अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोडिएर ठूलो संख्यामा विदेशी पर्यटक भित्रने आसमा पर्यटन व्यवसायी छन् । हालसम्म छिमेकी केही देशमा ‘चार्टर’ उडानबाहेक पोखराबाट नियमित अन्तरराष्ट्रिय उडान हुनसकेको छैन।

झन्डै रु २२ अर्ब ऋणमा बनेको पोखरा अन्तरराष्ट्रिय विमानस्थल आन्तरिक उडानमा मात्र सीमित छ। सन् २०२३ को जनवरी १ मा यस विमानस्थलको उद्घाटन भएको थियो। रासस

# अत्यधिक गर्मीका कारण दुई दिन विद्यालयको समय परिवर्तन

**मधेशदृष्टि**
**वीरगंज।**
अत्यधिक गर्मीका कारण वीरगंज महानगरपालिकाले सामुदायिक तथा संस्थागत विद्यालयको पठनपाठन समय दुई दिनका लागि परिवर्तन गरेको छ । महानगरपालिकाको शैक्षिक तथा प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछानेका अनुसार सोमबार र मंगलबार विद्यालयमा बिहान ६ बजेदेखि ९:३० बजेसम्म मात्र कक्षा सञ्चालन गरिनेछ।

बढ्दो गर्मीले विद्यार्थीहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने अवस्थालाई ध्यानमा राख्दै यो निर्णय गरिएको प्रमुख लामिछानेले जानकारी दिए । महानगरपालिकाले पालिका क्षेत्रभित्रका सबै विद्यालयलाई तोकिएको समयमै पठनपाठन सञ्चालन गर्न निर्देशन दिएको छ।

# दुई व्यक्तिबीचको विवाद: दाउ प्रहार हुँदा एकजना गम्भीर घाइते

**मधेशदृष्टि**
**कलैया।**
बाराको निजगढ नगरपालिका–१ गोरु बजार क्षेत्रमा सोमबार बिहान दुई व्यक्तिबीच भएको विवादका क्रममा दाउ प्रहार हुँदा एक जना गम्भीर घाइते भएका छन्।

प्रहरीका अनुसार स्थानीय अन्दाजी ५० वर्षीय धनबहादुर घिमिरे र अन्दाजी ४० वर्षीय मानबहादुर योन्जनबीच भएको विवाद उग्र बनेपछि घिमिरेले मासु काट्ने दाउ प्रहार गरेका हुन्। उक्त प्रहारबाट योन्जनको टाउको र गर्दनमा गम्भीर चोट लागेको प्रहरीले जनाएको छ । घाइते योन्जनलाई तत्काल उपचारका लागि मध्यम सिटी अस्पताल, निजगढमा लगिएको छ।

उनको उपचार भइरहेको प्रहरीले जनाएको छ। घटनापछि आरोपित धनबहादुर घिमिरेलाई प्रहरीले नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय निजगढको हिरासतमा राखेर घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# कालीकोटमा ‘विषादी न्यूनीकरण अभियान’



**कालीकोट।**
विषादीले मानव स्वास्थ्य र कृषिमा गम्भीर चुनौती थपिएको भन्दै प्रयोगलाई कम गर्ने उद्देश्यले आज कालीकोटमा ‘विषादी जोखिम न्यूनीकरण’ अभियान सञ्चालन गरिएको छ। जिल्ला कृषि विकास कार्यालय कालीकोटको सक्रियतामा स्थानीय कृषकको खेतबारीसम्म पुगेर र बजार अनुगमनलाई तीव्रता पार्दै यहाँ ‘विषादी जोखिम न्यूनीकरण’ अभियान प्रभावकारी रुपमा सञ्चालन गरिएको छ । रासायनिक विषादीको प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर देखिएको स्वास्थ्य सेवा कार्यालय कालीकोटका प्रमुख डा रत्नवीर सुनारले बताए।

विषादीका कारण क्यान्सर, कलेजो तथा मिर्गौलामा क्षति, ट्यूमर, प्रजननसम्बन्धी समस्या, स्नायु प्रणालीमा असर, छालामा एलर्जी तथा रोग प्रतिरोधात्मक क्षमता कमजोर हुने गरेको छ, उनले भने। विषादी नियन्त्रण गर्दै सुरक्षित, स्वच्छ र पोषणयुक्त खाद्य उत्पादन तथा उपभोगलाई प्रवद्र्धन गर्न तत्तत् निकायसँग सहकार्य आवश्यक रहेको जिल्ला समन्वय प्रमुख धनजितबहादुर शाहीले बताए । जैविक विविधताको संरक्षण, स्वस्थ जीवनशैलीको विकास र जनचेतना अभिवृद्धिका लागि विषादी व्यवस्थापन सम्बन्धी अभियानलाई निरन्तर सञ्चालन गर्नुपर्छ, उनले भने । विषादीको प्रयोग हुन नदिन र पोषण प्रवद्र्धनलाई प्रभावकारी बनाउन स्थानीय तह, कृषि तथा स्वास्थ्य क्षेत्रसँग समन्वय गरी समुदायस्तरमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने गरेको खाडाँचक्र नगरपालिकाका कृषि शाखा प्रमुख ध्रुव बराललले बताए।

विषादीका प्रयोग रोक्नका लागि जनचेतनामूलक अभियान र ओसारपसारमा कडाइ गर्नुपर्छ, उनले भने । प्रमुख जिल्ला अधिकारी गोकर्णराज सुयलले खाद्यबालीमा जथाभावी विषादीको प्रयोग नगर्न अभियानमार्फत सबैलाई आग्रह गरे। रासस

# ठोरी स्थित छोटी भन्सार संचालनमा ल्याउन ज्ञापन



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको ठोरीस्थित नेपाल–भारत सीमा नाका तथा छोटी भन्सार कार्यालय तत्काल सञ्चालनमा ल्याई पर्यटकको आवागमन सहज बनाउन माग गर्दै पर्यटन विकास समिति, ठोरीले सोमबार जिल्ला प्रशासन कार्यालय पर्सामा ज्ञापनपत्र बुझाएको छ।

समितिका सचिव रवि पौडेलद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा ठोरी सीमा नाका ऐतिहासिक, धार्मिक, पर्यटकीय तथा आर्थिक दृष्टिले नेपाल–भारतबीचको महत्वपूर्ण प्रवेशद्वार रहेको उल्लेख गरिएको छ । ठोरी मधेश प्रदेशको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित भइसकेको र यहाँ चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, धार्मिक तथा प्राकृतिक पर्यटकीय स्थलका कारण स्वदेशी तथा विदेशी पर्यटक आकर्षित हुँदै आएको समितिको भनाइ छ।

ज्ञापनपत्रमा पर्यटन क्षेत्रमा करिब एक अर्ब रुपैयाँभन्दा बढी निजी लगानी भइसकेको, सयौँले प्रत्यक्ष तथा हजारौँले अप्रत्यक्ष रोजगारी पाइरहेको उल्लेख गर्दै पछिल्ला केही दिनदेखि सीमा नाकाबाट पर्यटकलाई फर्काइँदा पर्यटन व्यवसाय, स्थानीय अर्थतन्त्र र नेपालको पर्यटन छविमा नकारात्मक असर परेको जनाइएको छ।

समितिले ठोरीमा स्थापना गरिएको छोटी भन्सार कार्यालय आवश्यक कर्मचारी र व्यवस्थापनको अभावमा सञ्चालन हुन नसकेको उल्लेख गर्दै पर्यटकको आवागमन तत्काल सुचारु गर्न, भन्सार कार्यालय नियमित सञ्चालनमा ल्याउन, सुरक्षा तथा राजस्व व्यवस्थापनलाई प्रभावकारी बनाउन र ठोरीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा विकास गर्न आवश्यक सरकारी पहल गर्न माग गरेको छ।

# बारामा राष्ट्रिय आर्थिक गणना सफल बनाउने ७५ जनालाई सम्मान

**मधेशदृष्टि**
**कलैया ।**
राष्ट्रिय आर्थिक गणना–२०८२ अन्तर्गत बारा जिल्लामा तथ्याङ्क सङ्कलन कार्य सफलतापूर्वक सम्पन्न गराउन योगदान पुऱ्याउने गणक तथा सुपरिवेक्षकहरूलाई प्रमाणपत्रसहित सम्मान गरिएको छ । जिल्ला आर्थिक गणना कार्यालय, बाराले शनिबार आयोजना गरेको सम्मान कार्यक्रममा गणना अभियानमा सक्रिय भूमिका निर्वाह गरेका ६६ जना गणक र ९ जना सुपरिवेक्षकलाई प्रमाणपत्र प्रदान गर्दै उनीहरूको योगदानको उच्च मूल्याङ्कन गरेको हो ।



कार्यक्रमलाई सम्बोधन गर्दै जिल्ला आर्थिक गणना अधिकारी राजेश दासले राष्ट्रिय आर्थिक गणना–२०८२ जस्तो राष्ट्रिय महत्वको अभियानलाई सफल बनाउने क्रममा गणक तथा सुपरिवेक्षकहरूले देखाएको मेहनत र जिम्मेवारीबोध प्रशंसायोग्य रहेको बताए ।

प्रतिकूल मौसम, सीमित समय र विभिन्न व्यावहारिक चुनौतीका बीच पनि सबैले समर्पित भएर जिम्मेवारी निर्वाह गरेकाले गणना अभियान प्रभावकारी रूपमा सम्पन्न भएको उनले उल्लेख गरे ।

उनका अनुसार नेपाल सरकारको राष्ट्रिय तथ्याङ्क कार्यालयले 'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने मूल नारासहित दोस्रो राष्ट्रिय आर्थिक गणना–२०८२ सञ्चालन गरेको हो । सो अभियानअन्तर्गत २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म देशभर स्थलगत रूपमा आर्थिक गतिविधिसम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको थियो ।

बारा जिल्लामा मात्रै २१ हजार ६९७ व्यवसाय तथा प्रतिष्ठानको स्थलगत गणना सम्पन्न भएको जानकारी दिँदै दासले उद्योग, व्यापार, सेवा तथा अन्य आर्थिक गतिविधिसम्बन्धी विस्तृत विवरण संकलन गरिएको बताए ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक गणनाको उद्देश्य मुलुकभर सञ्चालनमा रहेका आर्थिक प्रतिष्ठानहरूको वास्तविक अवस्था, रोजगारीको स्थिति, व्यवसायको प्रकृति, लगानीको अवस्था तथा राष्ट्रिय अर्थतन्त्रमा उनीहरूको योगदानसम्बन्धी यथार्थपरक तथ्याङ्क तयार गर्नु हो ।

जिल्ला आर्थिक गणना कार्यालयले यस गणनाबाट प्राप्त हुने तथ्याङ्क संघ, प्रदेश र स्थानीय तहका सरकारका लागि नीति निर्माण, विकास योजना तर्जुमा, लगानी प्रवद्र्धन तथा आर्थिक विकाससम्बन्धी कार्यक्रम सञ्चालनमा महत्वपूर्ण आधार बन्ने विश्वास व्यक्त गरेको छ ।

# छाडा पशुचौपाया छाड्नेलाई कारबाही गर्दै उपमहानगरपालिका

**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाले छाडा पशुचौपाया छाड्नेलाई कारबाही गर्न थालेको छ । छाडा पशुचौपायाका कारण मानवीय जोखिम बढेको भन्दै नियन्त्रणमा कडाइ गरेको उपमहानगरपालिकाले पाँच सयभन्दा बढी छाडा पशुचौपाया नियन्त्रणमा लिई रु सात लाखभन्दा बढी जरिवाना सङ्कलन गरेको छ।

छाडा पशुबाट मानिसमा हुने जोखिम तथा प्लास्टिकजन्य फोहरका कारण पशुमा पर्ने असर कम गर्न आइतबार जनकपुरधाम उपमहानगरपालिकाको कृषि तथा पशुपन्छी विकास शाखाले आयोजना गरेको छलफल तथा अन्तक्रियामा उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले जनकपुरधाममा छाडा पशुचौपायाको समस्या चुनौतीपूर्ण बन्दै गएकाले छाडा चौपाया नियन्त्रणका लागि कडा कदम चालेको बताए।



पशु सडकमा छाड्ने व्यक्तिलाई उपमहानगरपालिकाले पाँच हजारसम्म जरिवाना गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको जानकारी दिँदै उनले पछिल्लो समय छाडा पशु नियन्त्रणमा लिई छाड्ने व्यक्तिबाट सात लाख जरिवाना सङ्कलन भएको बताए । प्रमुख साहका अनुसार छाडा पशु नियन्त्रणमा लिई वडा नं १२ मा रहेको पशु गौशालामा करिब पाँच सयभन्दा बढी पशुचौपाया राखिएका छन्।

नियमको प्रभावकारी कार्यान्वयनसँगै जनचेतना अभिवृद्धि आवश्यक रहेको उल्लेख गर्दै उनले छाडा पशु नियन्त्रणको काम स्थानीय तहले मात्र गर्न नसक्ने भएकाले तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज तथा सर्वसाधारणको साझा सहकार्य आवश्यक रहेको बताए।

मधेस प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा सञ्जयकुमार यादवले छाडा पशु व्यवस्थापनलाई केवल स्थानीय तहको विषयका रूपमा नभई सार्वजनिक स्वास्थ्य, वातावरण संरक्षण र पशु कल्याणसँग जोडिएको साझा जिम्मेवारीका रूपमा लिनुपर्ने बताए । उनले प्लास्टिकजन्य फोहरको अव्यवस्थित व्यवस्थापनका कारण पशुहरूको स्वास्थ्यमा गम्भीर असर परेको उल्लेख गर्दै प्लास्टिकको प्रयोग न्यूनीकरण र उचित फोहर व्यवस्थापनमा जोड दिए।

भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र धनुषाका प्रमुख डा सञ्जीवकुमार ठाकुरले प्लास्टिक अहिले मानव जीवनको अभिन्न अङ्ग बने पनि यसको जथाभावी प्रयोग र व्यवस्थापनका कारण पशुहरू सबैभन्दा बढी प्रभावित भइरहेको बताए । सडकमा फालिएका प्लास्टिकका झोला र अन्य फोहरसँगै खाद्यवस्तु खाँदा गाईवस्तुलगायत पशुको पेटमा प्लास्टिक जम्मा हुने, त्यसले पाचन प्रणालीमा समस्या सृजना गर्ने, उत्पादन क्षमता घट्ने तथा कतिपय अवस्थामा पशुको मृत्यु नै हुने अवस्था देखिएको उनले जानकारी दिए।

कार्यक्रममा सहभागीहरूले छाडा पशु व्यवस्थापन, प्लास्टिकजन्य फोहर नियन्त्रण, पशु कल्याण तथा सुरक्षित सहरी वातावरण निर्माणका लागि सबै निकायबीच समन्वय र जनसहभागीता बढाउनुपर्नेमा जोड दिएका थिए। रासस

# नेपाली कांग्रेस बाराको कार्यवाहक सभापतिमा मनोज भट्ट





**सिकेन्द्र पासवान**
**कलैया।**
नेपाली कांग्रेस बारा जिल्ला कार्यसमितिको कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति मनोज भट्टलाई दिइएको छ।

नेपाली कांग्रेस केन्द्रीय कार्यालयका अनुसार पार्टीको विधान र नियमावली बमोजिम उनलाई सो जिम्मेवारी प्रदान गरिएको हो । बारा जिल्ला कार्यसमितिका सभापति राजेश राय यादव केन्द्रीय अनुशासन समितिको गत जेठ २१ गतेको निर्णयानुसार निलम्बनमा परेपछि सभापति पद रिक्त हुन पुगेको थियो।

**१५ औँ महाधिवेशनको तयारी र संगठन सुदृढीकरणको लक्ष्य**

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाद्वारा हस्ताक्षरित पत्रमा उल्लेख भए अनुसार, नेपाली कांग्रेसको आसन्न १५औँ महाधिवेशनको कार्यतालिका बमोजिम पार्टीका सांगठनिक गतिविधिहरू तथा पार्टी संरचनाहरूलाई व्यापक परिचालन गर्नुपर्ने आवश्यकता रहेको छ।

जिल्ला संगठनलाई गतिशील, प्रभावकारी र नियमित रूपमा सञ्चालन गर्नका लागि उपसभापति भट्टलाई कार्यवाहक सभापतिको हैसियतमा दैनिक कामकाज सम्हाल्ने गरी जिम्मेवारी तोकिएको हो।

**विधान र नियमावली अनुसार काम गर्न निर्देशन**

केन्द्रीय कार्यालयले नवनियुक्त कार्यवाहक सभापति भट्टलाई नेपाली कांग्रेसको विधान, २०१७ (संशोधनसहित) र नेपाली कांग्रेसको नियमावली, २०७६ बमोजिम पार्टीको हितलाई केन्द्रमा राखी दैनिक कार्यसम्पादन तथा आवश्यक कारबाही अगाडि बढाउन निर्देशित गरेको छ। नेपाली काँग्रेस बारामा लामो समय देखि चुल्दै आएको विवाद समाप्त भएको र पार्टिलाई न्या शिराबाट अगाडी बढाउने काबा अध्यक्ष भट्टले जानकार िदिए।

उनले पार्टीमा कसैलाई फरक दृष्टिकोणले नहेर्ने बताउदै सबैलाई सम्मन का साथ अगाडी बढाउनेमा आफु दृढ रहेको उनको भनाई रहेको थियो। पार्टीलाई गतिशिल बनाउन सबैको साथ र सहयोगको खाचो रहेको बताउदै हातेमालो गरी अगाडी बढन सबैलाई आवहान समेत गरेका हुन।

# लालपुर्जा हात परेपछि ३२८ परिवारमा उत्साह



**जनकपुरधाम।**
गणेशमान चारनाथ नगरपालिका–५ का सुरेश रायले वर्षौंदेखि एउटै जग्गामा घर बनाएँ, खेतीपाती गरेँ र परिवार हुर्काएँ । तर एउटा अभाव भने सधैँ खड्किरह्यो १ जग्गाको कानुनी स्वामित्व प्रमाणित गर्ने लालपुर्जा । आज त्यो अभाव अन्त्य भयो । नापी कार्यालय धनुषाबाट लालपुर्जा हातमा परेपछि उनको अनुहारमा देखिएको खुसी शब्दमा व्यक्त गर्न गाह्रो थियो।

'हाम्रा बाजेदेखि भोगचलन गर्दै आएको जग्गाको आज कानुनी कागज पायौँ । अब आफ्नै सम्पत्तिको प्रमाण हातमा छ । बैंकबाट ऋण लिन, छोराछोरीको भविष्यका लागि योजना बनाउन र अन्य कानुनी काम गर्न सहज हुनेछ,' उनले खुसी व्यक्त गरे । रायजस्तै गणेशमान चारनाथ नगरपालिका–५ र ६ का ३२८ परिवारले आइतबार गाउँब्लक जग्गाको लालपुर्जा प्राप्त गरे । पुस्तौँदेखि भोगचलन गर्दै आएका उनीहरूका लागि यो केवल एउटा कागज मात्र नभई लामो समयदेखि माग गरिएको अधिकारको औपचारिक मान्यता बनेको छ।

स्थानीयवासीका अनुसार लालपुर्जा नहुँदा जग्गा आफ्नै भए पनि त्यसको कानुनी प्रमाण प्रस्तुत गर्न कठिन हुन्थ्यो। बैंकिङ कारोबार, ऋण सुविधा, स्वामित्व हस्तान्तरण तथा अन्य सरकारी सेवामा अनेक समस्या भोग्नुपथ्र्यो। अब भने ती समस्या धेरै हदसम्म हट्ने विश्वास उनीहरूको छ । नापी कार्यालय धनुषाका प्रमुख उमेश साहका अनुसार विस २०७० मै नापजाँच भए पनि प्राविधिक र प्रशासनिक कारणले वितरण प्रक्रिया लामो समयसम्म रोकिएको थियो । आवश्यक कानुनी प्रक्रिया पूरा भएपछि अहिले लाभग्राहीलाई लालपुर्जा हस्तान्तरण गरिएको छ।

नगर प्रमुख जितनारायण यादवले पुस्तौँदेखि भोगचलन गर्दै आएका नागरिकलाई कानुनी स्वामित्व दिलाउनु राज्यको दायित्व भएको बताए । उनले अझै लालपुर्जा प्राप्त गर्न बाँकी रहेका परिवारलाई पनि प्रक्रिया पूरा गरी चाँडै स्वामित्वको प्रमाणपत्र उपलब्ध गराइने जानकारी दिए। रासस

# बस व्यवसायी तथा संचालकहरुको भेला सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज।**
नारायणी यातायात व्यवसायी सङ्घको क्षेत्रीय कार्यालय वीरगंजको आयोजनामा बस व्यवसायी तथा सञ्चालकहरूको भेला सम्पन्न भएको छ । पानीट्याङ्कीस्थित डायमण्ड होटलमा आयोजित भेला सङ्घका क्षेत्रीय अध्यक्ष हितलाल श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको हो।

भेलामा सहभागी वक्ताहरूले यातायात व्यवसायीहरूको हकहित संरक्षणका लागि सरकारसँग प्रभावकारी रूपमा आवाज उठाउन र आवश्यक दबाब सिर्जना गर्न सबै व्यवसायी एकजुट हुनुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा वीरगञ्ज महानगरपालिका–४ का वडा अध्यक्ष जगत साह कानु, व्यवसायी विनोद मानन्धर, वीरेन्द्र कुर्मी, सङ्घका सल्लाहकार अमरजित सिंह, महासचिव सरोजकुमार खनाल, निवर्तमान अध्यक्ष बद्रीप्रसाद चौलागाई, महेश कुमार दास, वरिष्ठ व्यवसायी जगन्नाथ कलवार, विशाल रायमाझीलगायतले आफ्नो धारणा प्रकट गरेका थिए।

बक्ताहरूले वर्तमान सरकारले यातायात व्यवसायीहरूको समस्या समाधान र हकहितका विषयमा अपेक्षाअनुसार काम गर्न नसकेको गुनासो समेत गरेका थिए । वक्ताहरूले व्यवसायीहरूलाई आफ्ना सवारीसाधन समयमै सङ्घमा नवीकरण गरी सुरक्षित रूपमा व्यवसाय सञ्चालन गर्न आग्रह गर्दै संगठित भएर अघि बढे मात्रै व्यवसायलाई दीर्घकालीन रूपमा टिकाउ बनाउन सकिने विश्वास व्यक्त गरे।

भेलामा सवारी दुर्घटनापछि प्रदान गरिने बीमा सुविधालाई समयानुकूल परिमार्जन गर्नुपर्ने विषय पनि उठाइएको थियो। हाल दुर्घटना बीमाअन्तर्गत उपलब्ध दुई लाख रुपैयाँको सीमा बढाएर कम्तीमा १० लाख रुपैयाँ पु¥याउनुपर्ने माग व्यवसायीहरूले गरेका छन्।

साथै, बीमा शुल्क र सुविधाका विषयमा सम्बन्धित निकायसँग सामूहिक पहल गर्नुपर्नेमा पनि जोड दिइएको थियो।

कार्यक्रममा वीरगंज महानगरपालिका–४ का वडा अध्यक्ष जगत साह कानु, व्यवसायी विनोद मानन्धर, वीरेन्द्र कुर्मी, सङ्घका सल्लाहकार अमरजित सिंह, महासचिव सरोजकुमार खनाल, निवर्तमान अध्यक्ष बद्रीप्रसाद चौलागाई, महेश कुमार दास, वरिष्ठ व्यवसायी जगन्नाथ कलवार, विशाल रायमाझीलगायतले आफ्नो धारणा प्रकट गरेका थिए।

# घट्दै सर्पदंशको उपचार लिने बिरामी

**महोत्तरी।**
विषालु सर्पको बिगबिगी भएको महोत्तरीको बर्दिबास आसपासका क्षेत्रमा केही वर्षयता सर्पदंशको उपचार लिने घटेका छन् । बर्दिबास–३ गौरीडाँडास्थित सर्पदंश उपचार केन्द्रमा पछिल्ला चार वर्षयता उपचार लिनेको सङ्ख्या घटेको तथ्याङ्कले देखाएको हो।

विसं २०७१ साउन ३१ गतेदेखि सेवा थालेको केन्द्रमा आर्थिक वर्ष २०७९/८० यता उपचार लिनेको सङ्ख्या निकै घटेको छ । त्यसअघि वर्षमा चार हजार बढीले उपचार लिने गरेकामा केन्द्रमा २०७९/८० यता यो सङ्ख्या एक हजारमुनि झरेको छ । केन्द्रमा आव २०७९/८० मा ८७८, आव २०८०/८१ मा ८८४ र आव २०८१/८२ मा ७०२ जनाले उपचार लिएका छन् । चालु आव २०८२/८३ को (असार २० गते)सम्मको अवधिमा ७२२ जनाले उपचार लिएका उपचारमा संलग्न नेपाली सेनाको प्राविधिक टोलीका प्रमुख भोला चौधरीले जानकारी दिए।



केन्द्रमा स्थापनायताका वर्षमा सबैभन्दा बढी आव २०७७/७८ मा चार हजार १९१ जनाले उपचार लिएका छन् । त्यसैगरी, आव २०७६/७७ मा तीन हजार ९४७, आव २०७८/७९ मा तीन हजार ९३२, आव २०७५/७६ मा तीन हजार ६४१, आव २०७४/७५ मा तीन हजार ५४२, आव २०७३/७४ मा तीन हजार ३९४, आव २०७२/७३ मा तीन हजार ३१० र आव २०७१/७२ मा तीन हजार १२८ जनाले उपचार सेवा लिएका छन् । स्थापनाकालदेखि हालसम्म जम्मा ३२ हजार २७१ जनाले उपचार लिएका केन्द्रको अभिलेखमा उल्लेख छ।

पछिल्ला चार वर्षमा आसपासका धेरै ठाउँमा सर्पदंश उपचार सेवा सञ्चालनमा आउनु र सहरीकरण बढ्दै जाँदा सर्पले ठाउँ छोड्दै गएपछि घटना कम हुनसँगै उपचार लिनेको संख्या घट्दै गएको प्राविधिक टोलीका प्रमुख चौधरीको भनाइ छ । एक दशकअघिसम्म विषालु सर्पको त्रास रहेको बर्दिबास नगर क्षेत्रमा सर्पदंशका घटना बढेपछि सामुदायिक प्रयत्नबाट सर्पदंश उपचार केन्द्रको स्थापना गरिएको हो । केन्द्रमा स्थापनाकालदेखि नै नेपाली सेनाका दक्ष प्राविधिक टोलीले उपचार सेवा दिँदै आएका केन्द्रका अध्यक्ष कृष्णप्रसाद देवकोटा बताउनुहुन्छ । केन्द्रले स्थापनाकालयता हालसम्म उपचार लिन आएमध्ये ६७ जनालाई मात्र अन्यत्र रेफर गरेको उनको भनाइ छ। रासस

## सम्पादकीय

## विकासका नाममा विस्थापनः

# वीरगंजको डोजर आतंक र मानवीय विकल्पको खोजी

महानगरलाई व्यवस्थित, सुन्दर र सडक सञ्जाललाई फराकिलो बनाउने बहानामा वीरगंजमा फेरि एकपटक डोजर चलेको छ।

वर्षौंदेखि स्थापित घर टहरा भत्काइँदा ११ सयभन्दा बढी सर्वसाधारणको उठिबास भएको छ । राज्य र स्थानीय सरकारले विकासको तगारो पन्छाएको दाबी गरिरहँदा, यसको सीधा मारमा समाजको तल्लो तहका नागरिक परेका छन् । बिनाकुनै ठोस विकल्प र उचित पूर्वतयारी चालिएको यो कदमले विकासको परिभाषामाथि नै गम्भीर प्रश्न खडा गरिदिएको छ । नागरिकलाई सडकमा पुर्‍याएर गरिने भौतिक संरचनाको विस्तार वास्तविक विकास हुन सक्दैन।

कुनै पनि लोकतान्त्रिक मुलुकमा राज्यको पहिलो दायित्व आफ्ना नागरिकको जीउधन र वासस्थानको रक्षा गर्नु हो। वीरगंजमा जुन क्रूरताका साथ उठिबास गराइयो, त्यसले कल्याणकारी राज्यको अवधारणालाई गिज्याएको छ। प्रभावित भएका ११ सयभन्दा बढी सर्वसाधारणको गाँस, वास र कपासको अधिकार खोसिएको छ । अतिक्रमण हटाउनु र कानुनको पालना गराउनु स्थानीय सरकारको क्षेत्राधिकार भित्र परला, तर नागरिकलाई विस्थापित गर्नुअघि उनीहरूको पुनस्र्थापना र जीविकोपार्जनको व्यवस्था नमिलाउनु राज्यको अनुदार र कठोर चरित्रको पराकाष्ठा हो।

यस चरम संकटको घडीमा पहिलो र तत्कालिन विकल्प भनेको प्रभावित नागरिकको उद्धार, तत्कालीन राहत र अल्पकालीन आवासको व्यवस्था गर्नु हो । घरबारविहीन भएका परिवार, विशेषगरी बालबालिका, वृद्धवृद्धा र महिलाहरू यतिबेला खुला आकाशमुनि बस्न विवश छन् । वीरगंज महानगरपालिका र प्रादेशिक सरकारले तत्काल समन्वय गरी उनीहरूका लागि अस्थायी शिविर, खाद्यान्न र स्वास्थ्य उपचारको प्रबन्ध मिलाउनु पर्छ । संकटको यो घडीमा नागरिकलाई बेसहारा छाड्नु स्थानीय सरकारको अक्षम्य भूल हुनेछ।

दीर्घकालीन समाधानका लागि राज्यले 'पुनस्र्थापना र क्षतिपूर्तिसहितको विकास' को मोडेल अपनाउनु अनिवार्य छ।

भत्काइएका बस्तीहरूमा बसोबास गर्ने भूमिहीन, सुकुम्बासी वा न्यून आय भएका वर्ग पहिचान गरी उनीहरूका लागि निश्चित स्थानमा एकीकृत आवासको निर्माण गरिनुपर्छ । कानुनी रूपमा लालपुर्जा भएकाहरूलाई उचित क्षतिपूर्ति र प्रक्रियागत रूपमा बसेकाहरूलाई मानवीय आधारमा स्थानान्तरणको विकल्प नदिई चालिने यस्ता कदमले सामाजिक विद्रोह मात्र निम्त्याउँछ । विकास र नागरिकको थातथलोबीच सन्तुलन कायम गर्न 'पहिले पुनस्र्थापना, अनि मात्र विस्थापन' को नीति अख्तियार गरिनु पर्दछ।

अन्ततः, डोजर संस्कृतिको विकल्प संवाद, सहभागिता र मानवीय संवेदना नै हो। विकास नागरिककै सहजताका लागि हो, उनीहरूलाई तड्पाउनका लागि होइन । वीरगंज महानगरले अबका दिनमा बल प्रयोगको नीतिलाई त्यागेर सरोकारवाला पक्षहरूसँग खुला संवादको थालनी गर्नुपर्छ । कानुनी राज्यको नाममा मानवीय संवेदनालाई कुल्चने काम बन्द गरिनुपर्छ । विकासका योजनाहरू बुन्दा नागरिकको बाँच्न पाउने नैसर्गिक अधिकारलाई केन्द्रमा राख्न सके मात्र वीरगंज साँच्चिकै समृद्ध र न्यायपूर्ण सहर बन्न सक्नेछ।

# आन्तरिक रोजगारको सिर्जना र वैदेशिक रोजगार व्यवस्थित

–मधु शाही–रासस

प्रशासनिक सुधारको लक्ष्यलाई केन्द्रमा राख्दै सरकारले सुरु गरेको १०० दिने कार्ययोजनाअन्तर्गत युवा, श्रम तथा रोजगार मन्त्रालयले श्रम प्रशासनलाई डिजिटल, पारदर्शी र सेवामुखी बनाउने दिशामा महत्त्वपूर्ण नीतिगत तथा प्रविधिमैत्री सुधारहरू अघि सारेको छ।

यस अवधिमा मन्त्रालयले आफू मातहतका विभाग र प्रशासनमा सुशासन प्रवद्र्धनका गतिविधि अगाडि बढाएको उल्लेख गर्दै पटक–पटक पुनः श्रम स्वीकृति लिनुपर्ने झन्झट हटाएको जनाएको छ।

मन्त्रालयका अनुसार वैदेशिक रोजगारीमा हुने ठगी र गलत अभ्यास प्रभावकारी नियन्त्रण, ठगी गर्ने व्यक्ति, समूह निकायको पहिचान, अनुसन्धान र कारबाहीलाई थप सुदृढ बनाउन सूचना प्रविधिमा आधारित 'अपरेसन इलिगल एजेन्ट क्लिन अप' वेबसाइट कार्यान्वयनमा ल्याइएको छ।

यसैगरी, पश्चिम एसियाको तनावका कारण ५० दिनसम्म विभिन्न १२ देशका लागि स्थगित भएको श्रम स्वीकृति गत वैशाख ७ गतेदेखि सुरु गरिएको मन्त्रालयको भनाइ छ।

वैदेशिक रोजगार प्रणाली (फरेन इम्प्लोएमेन्ट इकोस्सिटम) को डिजिटाइजेसन तथा लेवर ट्र्याकिङसम्बन्धी अध्ययन प्रतिवेदन तयार गरिएको छ। गन्तव्य मुलुकका रोजगारदाता, म्यानपावर व्यवसायी, स्वास्थ्य परीक्षण केन्द्र, तालिम प्रदायक संस्था र आप्रवासी श्रमिक स्वयंलगायत सबै प्रमुख सरोकारवालालाई समेट्ने एकीकृत डिजिटल प्रणालीमार्फत श्रम आप्रवासनमा जोखिम कम, अनियमित गतिविधिमा न्यूनीकरण र सम्बद्ध पक्षलाई जिम्मेवार र उत्तरदायी बनाउँदै पारदर्शिता र सुशासन अभिवृद्धिको कार्यमा सहयोग पुग्ने मन्त्रालयको कार्य दिशा छ।

वैदेशिक रोजगारीमा जाने कामदारहरुको स्वास्थ्य परीक्षणलाई व्यवस्थित र पारदर्शी बनाउन स्वास्थ्य परीक्षण डिजिटल वेब पोर्टलको परीक्षण गरिएको छ । आगामी साउन महिनाबाट वैदेशिक रोजगार सम्बद्ध मुद्दामामिला तथा अनुसन्धानको कार्य अनलाइन प्रणालीमार्फत सम्पादन गर्ने प्रबन्ध मिलाउन सफ्टवेयर निर्माण भइरहेको छ । मन्त्रालयले अब श्रम स्वीकृति 'स्वतः नवीकरण' हुने व्यवस्था सुरु गरेको छ । 'पासवर्ड रिसेट'जस्ता साना कामका लागि विभाग धाउनुपर्ने अवस्था हटाइ स्थानीय तहबाट नै श्रम स्वीकृति आवेदन गर्ने व्यवस्था मिलाइएको छ।

सरकारले सम्पूर्ण 'लेबर माइग्रेसन सिस्टम' लाई विद्युतीकरण (डिजिटाइजेसन) गर्ने कामलाई उच्च प्राथमिकतामा राखेको छ । विदेश जानुअघि र विदेश गएर फर्किएसम्मका सबै प्रक्रियालाई एउटै 'इन्टिग्रेटेड इकोसिस्टम' ल्याइनेछ।

गत चैत २७ गते मात्रै नियुक्ति हुनुभएका मन्त्री रामजी यादवले श्रमलाई मयार्दित, व्यवस्थित गर्दै आन्तरिक रोजगारी तथा स्वरोजगारी प्रवद्र्धनमा जोड दिएका छन्।

मन्त्री यादवले संसद्मा असार ३ गते मन्त्रालयले गरेका प्रगति विवरण प्रस्तुत गर्ने क्रममा आगामी १० वर्षमा 'आन्तरिक रोजगार प्रवद्र्धन दशक' मनाउने घोषणा गरेका थिए।

उनका अनुसार देशभित्र मर्यादित श्रम, आन्तरिक रोजगारी तथा स्वरोजगारी प्रवद्र्धन, सुरक्षित र व्यवस्थित बनाउनुका साथै वैदेशिक रोजगारी र सीपयुक्त जनशक्ति विकास प्रवद्र्धन गर्ने मन्त्रालयको उद्देश्य छ। जसअन्तर्गत मन्त्रालयले 'रोजगारी नीति २०७१' संशोधन गरेर समयसापेक्ष बनाउन प्रक्रिया सुरु गरेको छ।

वैदेशिक रोजगारलाई नियन्त्रण होइन व्यवस्थित गर्नुपर्ने मान्यतालाई आत्मसात् गरेको मन्त्रालयले वैदेशिक रोजगार ऐन संशोधन गर्ने प्रक्रियामा जुटेको छ। रोजगार नीति परिमार्जनका लागि कार्यदल गठन गरिएको छ।

युवालाई उद्यमी बनाउने सन्दर्भमा मन्त्रालयले ७५३ वटै स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई प्रभावकारी बनाउने प्रयत्न भएको छ। यो उद्देश्य पूर्तिका लागि मन्त्रालयले 'रोजगार सूचना र उद्यमशीलता विकासका लागि उद्यमशीलता केन्द्र विकास'को कार्यविधिसमेत बनाइसकेको छ।

यसका साथै मन्त्रालयले श्रम शोषण रोक्न तथा श्रमिकका अधिकार सुनिश्चित भए–नभएको अनुगमन गर्न निरन्तर श्रम निरीक्षण टोलीलाई विभिन्न सङ्घसंस्थामा खटाउँदै सचेत रहन आग्रह गरिरहेको छ । मन्त्री यादवले पदभार ग्रहण गरेयता हालसम्म करिब ८ सय वटा निरीक्षण सम्पन्न भइसकेको जानकारी दिए।

मन्त्री यादवले हालै स्विट्जरल्याण्डको जेनेभामा सम्पन्न ११४ औँ अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) सम्मेलनमा आफ्नो उपस्थिति र सम्बोधनले नेपालको श्रम व्यवस्था तथा श्रमिक अधिकारका पक्षमा महत्वपूर्ण योगदान पुर्‍याएको उल्लेख गरे । उनले सम्मेलनमा नेपाली श्रमिकको अधिकारका पक्षमा स्पष्ट धारणा प्रस्तुत गरेका थिए।

यस क्रममा उनले केयर इकोनोमी तथा कानुनी सुधारका विषयमा नेपालले इतिहासमै पहिलोपटक एकीकृत 'राष्ट्रिय केयर इकोनोमी नीति' निर्माणको तयारी गरिरहेको जानकारी दिए । साथै, श्रम क्षेत्रलाई थप व्यवस्थित बनाउन 'श्रम निरीक्षण महासन्धि १९४७' र 'बाध्यकारी श्रम प्रोटोकल २०१४' अनुमोदनका लागि संघीय संसद्मा पेस भइसकेको पनि बताए।

त्यसैगरी, आप्रवासी कामदार र शून्य सहनशीलता नीतिलाई नेपाल सरकारको उच्च प्राथमिकतामा राखिएको उनले उल्लेख गरे । मन्त्रीले श्रम शोषण र बाध्यकारी श्रमप्रति सरकारको 'शून्य सहनशीलता' नीति स्पष्ट रहेको दोहोर्‍याए।

यसअन्तर्गत वैदेशिक रोजगारीको डिजिटाइजेसनसम्बन्धी प्रतिवेदन कार्यान्वयन प्रक्रिया अघि बढिसकेको पनि उनले जानकारी दिए।

सरकार गठन भएको सय दिनभित्र श्रम मन्त्रालयले २०५७ सालदेखिका उजुरी तथा मुद्दाका फाइलहरूलाई हार्डकपीबाट व्यवस्थित गर्दै १,४०० मुद्दाको विस्तृत विवरण र १०,१२८ मुद्दाको संक्षिप्त विवरणसहित डिजिटल अभिलेख तयार गरेको छ । यसबाट अभिलेख प्रणाली थप चुस्त र प्रभावकारी भई सेवा प्रवाहमा सुधार हुने मन्त्रालयको विश्वास छ।

वैदेशिक रोजगारीका क्रममा हुने ठगी, प्रलोभन र अनियमितताका घटनालाई छिटो सम्बोधन गर्न मन्त्रालयस्तरमा 'एक्सन कमान्ड सेन्टर' स्थापना गरिएको छ । सो अवधिमा वैदेशिक रोजगारीसँग सम्बन्धित एक हजार ६ सय ६३ वटा गुनासो सम्बोधन गरिएको छ।

त्यसैगरी, वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको हितलाई ध्यानमा राखी सही सूचना प्रवाह र सहजीकरणका लागि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा श्रम सहायता कक्ष स्थापना गरी सेवा प्रवाह भइरहेको छ।

मन्त्री यादवले आन्तरिक रोजगारीलाई प्राथमिकतामा राख्दै कार्ययोजना निर्माण गर्नुभएको छ । सोहीअनुसार रोजगार, सीप तथा उद्यमशीलतासम्बन्धी सेवा डिजिटाइजेसन र एकीकृत रूपमा प्रवाह गर्ने उद्देश्यले रोजगार व्यवस्थापन सूचना प्रणालीको स्तरोन्नति गरिएको छ।

रोजगार सेवा केन्द्रमार्फत वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको विवरण प्रविष्ट गरी प्राप्त तथ्याङ्कका आधारमा आप्रवासी कामदारको माग र आवश्यकताअनुसार सेवा प्रवाह, ट्र्याकिङ तथा पुनःएकीकरण सेवाको प्रभाव मूल्याङ्कन एकद्वार प्रणालीमार्फत गर्ने गरी निर्माण अन्तिम चरणमा पुगेको छ।

मन्त्रालयले निजी क्षेत्र र रोजगार सेवा केन्द्रबीच सहकार्य अभिवृद्धि गर्ने उद्देश्यका साथ अन्तरराष्ट्रिय श्रम संगठन (आइएलओ) र नेपाल उद्योग वाणिज्य महासङ्घसँगको सहकार्यमा 'निजी क्षेत्र संलग्नता रणनीति (रोजगार सेवा केन्द्रसँगको सहकार्यका लागि)' तयार गरेको छ।

यसैगरी, सरकारले डिजिटलाइजेसनमार्फत कार्य पारदर्शिता र प्रभावकारिता बढाउने नीति लिएको छ । सोही सन्दर्भमा श्रम मन्त्रालयले विदेशस्थित कूटनीतिक नियोगका श्रम सहचारीहरूसँग समय–समयमा भर्चुअल बैठक गरी त्यहाँ रहेका श्रमिकहरूको अवस्थाबारे जानकारी लिँदै आवश्यक निर्देशन दिने गरेको छ । साथै, श्रमिक सहायता तथा जानकारी प्रवाहका लागि फेसबुक लाइभ र अन्य सामाजिक सञ्जालमार्फत पनि सेवा प्रदान गर्दै आएको छ।

सामाजिक सुरक्षा कोषमा आबद्ध श्रमिकहरूलाई भौतिक पुँजी निर्माणमा सहयोग पुर्‍याउने उद्देश्यले योगदानकर्ता सापटी निर्देशिका संशोधन गरी घडेरी खरिद कर्जा थप गरिएको छ । साथै, सापटीको सीमा बढाएर १ करोड ५० लाख रुपैयाँ पुर्‍याइएको मन्त्रालयले जनाएको छ।

# 'बजेटमा राजनीतिक विवाद, ओझेलमा विकासको बहस'

टिकाराम सुनार–रासस

सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३–८४ का लागि ल्याएको बजेट राजनीतिक विवादको केन्द्रमा छ। प्रतिपक्षी दलको विरोध स्वाभाविक मानिए पनि यसपटक विवादको विशेषता फरक छ।

सरकारकै प्रमुख साझेदार दलले बजेट निर्माण प्रक्रिया, योजना छनोट र स्रोत बाँडफाँटमाथि सार्वजनिक रूपमा प्रश्न उठाएको छ। यही असन्तुष्टिका कारण यही असार १ गते सार्वजनिक भएको बजेट हालसम्म प्रदेशसभामा प्रवेश गर्न सकेको छैन। यद्यपि, मङ्गलबार बस्ने प्रदेशसभामा बजेट टेबल गर्ने सरकारको तयारी छ।

राजनीतिक रस्साकस्सीबीच एउटा महत्वपूर्ण पक्ष भने ओझेलमा परेको छ । बजेटले उत्पादन वृद्धि, रोजगारी सिर्जना, कृषि आधुनिकीकरण, निजी लगानी प्रवद्र्धन, डिजिटल सुशासन र उद्यमशीलतालाई प्राथमिकतामा राखेको दाबी गरेको छ । ती कार्यक्रम प्रदेशको आर्थिक भविष्यसँग जोडिएका भए पनि सार्वजनिक बहसको केन्द्रमा पर्न सकेका छैनन्। हालको बहस मुख्यतः कसले कति बजेट पायो, कुन मन्त्रालयलाई प्राथमिकता दिइयो र कुन निर्वाचन क्षेत्र समेटियो भन्ने राजनीतिक विषयमा सीमित देखिन्छ।

प्रदेशसभा बैठक बस्न नसक्दा बजेटमाथि औपचारिक छलफल हुन पाएको छैन। बजेटको उद्देश्य, कार्यान्वयन क्षमता, प्राथमिकता र दीर्घकालीन प्रभावमाथि गम्भीर विमर्श हुनुपर्ने समयमा आरोप–प्रत्यारोपले सार्वजनिक बहसको अधिकांश ठाउँ ओगटेको छ । यसले प्रदेशले सामना गरिरहेका उत्पादन, रोजगारी, कृषि रूपान्तरण, निजी लगानी र सेवा प्रवाह सुधारजस्ता आधारभूत चुनौतीमाथिको छलफल नै पछि धकेलिएको देखिन्छ।

### सरकारभित्रै असन्तुष्टि

बजेट सार्वजनिक भएपछि सबैभन्दा ठूलो असन्तुष्टि सरकारकै प्रमुख साझेदार नेकपा (एमाले) ले जनाएको छ। पार्टीले बजेट निर्माण प्रक्रियामा आफूहरूसँग पर्याप्त परामर्श नगरिएको, स्रोत बाँडफाँट असन्तुलित भएको र योजना छनोटमा प्रक्रियागत त्रुटि भएको आरोप लगाएको छ। उक्त पार्टीको प्रदेशसभा संसदीय दलले बजेट संशोधन प्रस्ताव लैजाने निर्णयसमेत गरिसकेको छ।

एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावल बजेट निर्माणको आधार र मन्त्रालयगत स्रोत निर्धारणमै समस्या भएको बताउछन्। 'बजेटको सिलिङ बढाउने विषयमा पनि हामीसँग छलफल गरिएन । एकातिर बजेटको आधार बढाइयो, अर्कोतिर हाम्रो पार्टीको नेतृत्वमा रहेका मन्त्रालयको बजेटको आधार गत वर्षभन्दा पनि घटाइयो। अर्को मन्त्रालयको क्षेत्राधिकारमा पर्ने योजना राखेर बजेट ठूलो देखाउने प्रयास गरिएको छ । यसमा हाम्रो असमति हो,' उनी भन्छन् । सरकारको नेतृत्व गरिरहेको गठबन्धनभित्रकै यस्तो सार्वजनिक असन्तुष्टिले बजेट विवादलाई थप गम्भीर बनाएको छ।

### प्रतिपक्षको प्रश्न

पूर्वमन्त्री तथा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का नेता नरेश शाही विकासका विषयमा पक्ष–प्रतिपक्ष हुन नहुने बताउँदै बजेटमा देखिएको प्रवृत्तिको विरोध गरिएको स्पष्ट पार्छन्। 'हामी प्रतिपक्षी भएकाले विरोध गर्ने कुरा त छँदैछ, तर अहिले समस्या सरकारभित्रै देखिएको छ। समग्र प्रदेशको विकासभन्दा पनि आफ्नो क्षेत्रको विकासलाई प्राथमिकता दिने प्रवृत्तिका कारण यस्तो अवस्था आएको हो,' उनी भन्छन्।

शाहीका अनुसार बजेट विवाद कुनै एक दल वा मन्त्रालयको समस्या मात्र होइन, प्रदेशमा बजेट निर्माण हुँदै आएको समग्र राजनीतिक संस्कारकै परिणाम हो। त्यसैले यस विषयका विवादलाई हल्का रुपमा नलिइ सबै गम्भीर बन्नुपर्ने उनको भनाइ छ।

'सत्तारुढ एमालेले नै चर्को विरोध गरिरहेको छ, तर उक्त पार्टीको नेतृत्वमा रहेको भौतिक पूर्वाधार मन्त्रालयमै सबैभन्दा बढी समस्या छ। त्यसैले कुनै एउटा पक्षभन्दा पनि समग्र प्रवृत्तिको हामीले विरोध गरिरहेका छौँ। सबै गम्भीर भएर दीर्घकालीन समाधान खोजौँ,' उनले भने।

### ओझेलमा विकास बहस

राजनीतिक दलहरू बजेटको हिस्सेदारीमा केन्द्रित भइरहँदा प्रदेशले सामना गरिरहेका आधारभूत आर्थिक चुनौतीमाथिको बहस भने कमजोर बनेको छ । सुदूरपश्चिममा अहिले पनि उत्पादन क्षमता न्यून छ। उद्योग सीमित छन्। निजी लगानी अपेक्षाकृत कमजोर छ। ठूलो संख्यामा युवा रोजगारीका लागि विदेश जान बाध्य छन्। कृषि अझै निर्वाहमुखी छ भने सङ्घीय अनुदानप्रतिको निर्भरता उच्च छ। यस्तो अवस्थामा प्रदेशको बजेटले यी समस्याको समाधानका लागि कस्तो दिशा लिएको छ भन्ने विषय सार्वजनिक बहसको केन्द्र बन्नुपर्ने थियो, तर बजेटको गुणस्तर, प्राथमिकता, कार्यान्वयन क्षमता र अपेक्षित परिणामभन्दा पनि मन्त्रालयगत बजेट बाँडफाँट, निर्वाचन क्षेत्रगत योजना र राजनीतिक असन्तुष्टिले बढी स्थान पाएको देखिन्छ।

वरिष्ठ पत्रकार मनमोहन स्वार प्रदेश संरचना र नेतृत्वमाथि नै प्रश्न उठिरहेका बेला बजेट विवादले नागरिकमा झन नकारात्मक सन्देश गएको धारणा राख्छन्। 'हाल बजेट वक्तव्य मात्रै आएको छ। त्यसमा देखिएका त्रुटिबारे प्रशस्त प्रश्न छन्। कतिपय विषय क्षम्य छैनन, तर पनि तिनको जवाफ दिने ठाउँ प्रदेशसभा हो, त्यसैले संसद् प्रवेश गर्नुअघि नै सत्ता गठबन्धनभित्र सार्वजनिक मतभेद छताछुल्ल हुनु राम्रो संकेत होइन,' उनी भन्छन्, 'त्यसैले बजेटमाथिका प्रक्रियागत प्रश्न सार्वजनिक रूपमा भन्दा संसदीय प्रक्रियामार्फत समाधान खोजिनु संस्थागत दृष्टिले पनि उपयुक्त हुन्छ।'

यस वर्षको बजेटले प्रदेशको आर्थिक संरचनालाई उत्पादनमुखी बनाउने लक्ष्य लिएको छ । कृषिउद्यम, अध्ययनसँगै आयआर्जन, वैदेशिक रोजगारीबाट फर्किएका युवालाई लक्षित गरेर 'पोखौँ पसिना, देशमै हाँसेर' अभियान सञ्चालन गर्ने प्रस्ताव, कृषिलाई परम्परागत निर्वाहमुखी पेसाबाट उद्यम र रोजगारीसँग जोड्ने प्रयास बजेटमा देखिन्छ। यी विषयका बहसले ठाउँ पाएका छैनन्।

कैलाली बहुमुखी क्याम्पसमा अर्थशास्त्र विषय अध्यापनरत गगनराज घिमिरे प्रदेश संरचना अस्थित्वमा आएदेखि नै रोजगारी सिर्जना, उत्पादन वृद्धि र समग्र क्षेत्रको विकास हुने योजनाभन्दा आफ्नो क्षेत्र र आफ्ना मतदाता सोचेर हेर्ने सोचले समस्या भइरहेको बताउछन्।

'असार १ गते बजेट पेस भएको हो। त्यसपछिका दिनमा बजेटको दीर्घकालीन सोच, तत्कालीन प्रभाव, समृद्ध सुदूरपश्चिममा योगदान पुग्ने नवीन योजनाबारे चर्चा हुनुपर्नेमा प्रदेशसभामा प्रवेश नै गराइएको छैन। यो राम्रो भएन,' उनी भन्छन्।

आर्थिक मामिला मन्त्रालयका सचिव राजेन्द्रकुमार हमाल बजेटमा प्राविधिक त्रुटि भए पनि सोच गलत नरहेको बताउछन्। यो त्रुटि हुनुमा राजनीतिक नेतृत्व, कर्मचारी वा कुनै एकपक्ष मात्र जिम्मेवार नरहेको उनको भनाइ छ।

'समयको चापले कतिपय विषयलाई केलाएर हेर्न पाइएन। बजेट बनाउने बेला राजनीतिक विषयले स्थान पाउँदा हामीले समय लिएर काम गर्न पाएनौँ,' सचिव हमाल भन्छन्, 'हामीले सबै मन्त्रालयको क्षेत्रगत बजेट तथा योजनाको टुङ्गो लगाएर बाँकी विषय मिलाउनुपर्नेमा त्यो समय पाएनौँ । असार १ गतेसम्म नै योजनाका विषय रुमल्लिनुपर्‍यो। त्यसक्रममा त्रुटि भएका छन्।'

अब विवादको विषयभन्दा पनि समस्या समाधानको बाटो रोज्नु नै अन्तिम विकल्प रहेको उनको भनाइ छ । 'हाल एकअर्कालाई दोषारोपण गर्न थालिएको छ, बजेटमा देखिएका समस्या कुनै एउटा पक्षका कारणले मात्रै भएको होइन। त्यसैले यसको सुधारका लागि पनि एउटा पक्षले मात्रै चाहेर हुँदैन, सबैले गम्भीर भएर सोच्नुपर्छ,' हमालले भने।

मुख्यमन्त्री कमलबहादुर शाह अब विवादका विषय सदनमा गएर टुङ्गिने भएकाले नीति तथा कार्यक्रम र बजेटको तुलनात्मक अध्ययन गरेर बहस गरिनुपर्नेमा जोड दिनुहुन्छ । उन बजेटमा भएका प्राविधिक त्रुटिका विषयबाहेक नीति तथा कार्यक्रम र बजेटमा तालमेल गर्न आफूहरुले धेरै मेहनत गरेको बताउछन्।

'कृषि आधुनिकीकरण, उद्यमशीलता, पर्यटन प्रवद्र्धन, सामाजिक समावेशीकरण, जलवायु अनुकूलन र डिजिटल सुशासनका सन्दर्भमा दुवै दस्तावेजमा प्राथमिकतामा राखेका छौँ,' उनी भन्छन्, 'नागरिकको स्वास्थ्य पहुँचका लागि प्रादेशिक अस्पतालमा विशेषज्ञ सेवा, जिल्ला अस्पतालको स्तरोन्नति, डायलाइसिस सेवा विस्तारका विषय बजेट, नीति तथा कार्यक्रममा समेटेका छौँ । गड्डाचौकी, त्रिनगर र खक्रौला नाकामा रोजगारीका लागि भारत जाने नागरिकको लगत सङ्कलन तथा आवश्यक सहजीकरणका लागि सहयोग कक्ष स्थापना गर्ने योजना अगाडि सारेका छौँ।'

सडक अवरुद्ध भएको ७२ घण्टाभित्र सञ्चालनमा ल्याउने प्रणाली तथा परिणाममुखी अनुगमन प्रणालीजस्ता केही महत्वाकांक्षी प्रतिबद्धतामा बजेट अपेक्षाकृत कमजोर देखिएको विश्लेषण भए पनि त्यस्ता योजनामा बजेट अभाव हुन नदिन सरकार प्रतिबद्ध रहेको उनको भनाइ छ।

'राजनीतिक दलहरूबीचको असहमति लोकतान्त्रिक प्रक्रियाको स्वभाविक पक्ष हो । बजेटमाथि संशोधन, पुनःप्राथमिकीकरण वा स्रोत वितरणबारे फरक मत हुन सक्छ, तर त्यही विवादका कारण बजेटभित्र रहेका उत्पादन, रोजगारी, कृषि रूपान्तरण र लगानी प्रवद्र्धनजस्ता विषय सार्वजनिक बहसबाट ओझेलमा पर्नु प्रदेशको दीर्घकालीन विकासका दृष्टिले चिन्ताको विषय बन्न सक्छ । यस विषयमा सबैको ध्यानाकर्षण पनि गराउँछु,' मुख्यमन्त्री शाहले भने।

### दोहोरिँदो समस्या

कैलाली बहुमुखी क्याम्पसका सहप्राध्यापक तथा अर्थराजनीतिका जानकार डा. राजेन्द्रवीर चन्दका अनुसार प्रदेश बजेटमा हरेक वर्ष देखिने विवादको मूल कारण योजना छनोट र स्रोत विनियोजनको स्पष्ट विधि स्थापित हुन नसक्नु हो।

उनी भन्छन्, 'बजेटका विषयवस्तु, प्राथमिकता र योजना छनोटको प्रक्रियालाई व्यवस्थित बनाउनुपर्ने कुरा हामीले वर्षौंदेखि उठाउँदै आएका छौँ, तर सुधारका प्रतिबद्धता दोहोरिए पनि कार्यान्वयनमा रूपान्तरण हुन सकेको छैन । त्यसैले समस्या पनि दोहोरिरहेका छन्।'

डा. चन्द बजेटमाथिको बहस व्यक्तिकेन्द्रित वा निर्वाचन क्षेत्रकेन्द्रित हुनुभन्दा प्रदेशको दीर्घकालीन आवश्यकतामा आधारित हुनुपर्ने मत राख्नुहुन्छ । विगतका योजनाको प्रभाव मूल्याङ्कन, खर्च गर्ने क्षमता र क्षेत्रगत आवश्यकता हेरेर स्रोत विनियोजन गर्ने अभ्यास विकास गर्नसके यस्ता विवाद समाधान हुने उनको विश्लेषण छ।

### बजेट संशोधनको विषय

प्रमुख सत्तासाझेदार दल एमालेले बजेट संशोधनको विषय उठाए पनि त्यो अभ्यास संसदीय राजनीतिमा अपवादका रुपमा रहेको नेकपाका नेता शाहीको भनाइ छ । 'सरकार जहिले पनि बहुमतमा हुन्छ, त्यसैले उसले ल्याएका नीति, बजेट, अन्य ऐन कानुन संसद्बाट पारित हुनुपर्छ। परिमार्जन वा संशोधनको विषय स्वभाविक मानिँदैन । यदि त्यसो भएमा सरकारको अस्थित्वमाथि प्रश्न उठ्छ,' उनले भने।

शाहीले विनियोजन विधेयकमार्फत केही बुँदा हटाउने वा थप्ने र साझा प्रतिबद्धता गरेर अगामी दिनका लागि विधि स्थापित गर्ने मात्र सत्तागठबन्धनसँग विकल्प रहेको बताए।

वरिष्ठ पत्रकार स्वार पनि संसदीय अभ्यासमा एक रुपैयाँ घटाउने वा थप्ने कुरा प्रतिकात्मक विषय भए पनि समग्र बजेट नै संशोधन गर्ने विकल्प सरकारसँग नहुने बताउछन्। 'हालसम्मको अभ्यासअनुसार बजेट कि पास हुन्छ वा फेल । फेल भएमा सरकार विघटन भएर अर्को सरकार आउँछ, त्यसबाहेक अभ्यास छैन। यस विषयमा पक्कै राजनीतिक दल जानकार छन्,' उनले भने।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# प्रतिनिधिसभाः समसामयिक विषयमा सरकारको ध्यानाकर्षण



**काठमाडौँ ।**
प्रतिनिधिसभाका सांसदहरुले मौलिक हक कार्यान्वयन, विपद् व्यवस्थापन र सीमावर्ती क्षेत्रका नागरिकका समस्या समाधानलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । सभाको सोमबारको बैठकको विशेष समयमा रास्वपा सांसद प्रभा कार्कीले उद्योग, होटल तथा कर्पोरेट क्षेत्रका श्रमिकले सरकारले तोकेको न्यूनतम पारिश्रमिक नपाएको उल्लेख गर्दै नेपाली श्रम बजारलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिइन् ।

नेपाली कांग्रेसका सांसद अभिशेषकप्रताप शाहले अमेरिकाको सानफ्रान्सिस्कोमा रहेको महावाणिज्य दूतावास बन्द गर्ने निर्णय फिर्ता लिन माग गरे । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद गुरुप्रसाद बरालले संविधानप्रदत्त मौलिक हकको कार्यान्वयनमा गम्भीर बन्न सरकारलाई सुझाव दिए । नेपाली कम्युनिष्ट पार्टीका सांसद धनबहादुर बुढाले डोल्पा जगदुल्ला गाउँपालिका–५ गैरीगाउँमा बाढीपहिरोबाट प्रभावित नागरिकलाई तत्काल राहत दिन सरकारको ध्यानाकर्षण गराए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद खुश्बु ओलीले विद्युतीय सवारी साधनको आयातका क्रममा कर छली भएको आशङ्का बढ्दै गइरहेको उल्लेख गर्दै सो सम्बन्धमा छानबिन गरी राजस्व सङ्कलन गर्न सुझाव दिइन् । श्रम संस्कृति पार्टीका सांसद आरेन राईले सशस्त्र प्रहरी जवान र हबल्दारलाई १६ वर्षमा पेन्सन पाउने व्यवस्था गर्न माग गरे । रास्वपाका सांसद प्रमिला कुलुजुले वैदेशिक रोजगारीमा रहेका नागरिकलाई मताधिकार दिने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गरिन् ।

कांग्रेस सांसद कालीबहादुर सहकारीले कर्णाली क्षेत्रको समग्र विकासमा विशेष योजना बनाउन सुझाव दिए । रास्वपा सांसद करिष्मा कठरियाले सिकलसेल तथा अन्य अनुवांशिक रक्तविकारबाट प्रभावित बिरामीको संवैधानिक स्वास्थ्यको हक कार्यान्वन गर्न आग्रह गरिन् । रास्वपा सांसद आनन्दबहादुर चन्दले खेती प्रणाली, माटो परीक्षण, मल बीउको उपयोगलगायत विषयमा किसानलाई तालिम दिनुपर्नेमा जोड दिए । सोही दलका जगदीश खरेल (दोलखा) ले जनप्रतिनिधिलाई नटेर्ने कर्मचारीलाई तत्काल कारबाही गर्न माग गरे । सोही पार्टीका सांसद खगेन्द्र कर्णले सामुदायिक शिक्षामा लगानी अभिवृद्धि गर्न सुझाव दिए ।

रास्वपा सांसद बुद्धिप्रसाद पन्तले वीरगञ्जका तारे होटलमा सञ्चालित क्यासिनोमा प्रहरी र प्रशासनको मिलेमतोमा नेपाली नागरिकलाई पनि सहजै प्रवेश गराइएको भन्ने गुनासो छानबिन गर्न माग गरे । सोही दलका सांसद सृष्टी भट्टराईले राष्ट्रिय राजमार्गमा ढाट राखेर अवैध असुली गर्नेमाथि कारबाही गर्न माग गरिन् । सोही पार्टीका सांसद सिर्जना श्रेष्ठले धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भएको भ्रष्टाचारसम्बन्धी फाइल तत्काल अनुसन्धान गर्न आग्रह गरिन् ।

रास्वपा सांसद बोधनारायण श्रेष्ठले रासायनिक मल वितरणसम्बन्धी समस्या समाधान गर्न आग्रह गरे । सोही पार्टीका टेकबहादुर शाक्यले पर्साको ठोरी, जानकीटोला र भिष्वा छोटी भन्सार तत्काल सञ्चालनमा ल्याई सीमावर्ती क्षेत्रका नागरिकलाई भन्सार प्रशासनमा सहजीकरण गर्न सुझाव दिए । सोही पार्टीका बदनकुमार भण्डारीले काभ्रेपलाञ्चोकको पाँचखालका अजित मिजार अन्तरजातीय विवाहका कारण २०७३ असार २९ गते मृत फेला परेको घटनाका बारेमा छानबिन गरी पीडित परिवारलाई राहत दिन माग गरे । सोही दलका सांसद सूर्यबहादुर तामाङले वर्तमान सरकारले १०० दिनमा जनअपेक्षा पूरा गर्न सफल भएको दाबी गरे । रासस

# प्रतिनिधिसभामा बाध्यकारी श्रम महासन्धिको प्रोटोकलमाथि छलफल



**काठमाडौं ।**
प्रतिनिधिसभाको सोमबारको बैठकमा 'बाध्यकारी श्रम महासन्धिको प्रोटोकल नं २९ र ८१' माथि छलफल भएको छ ।

बैठकमा युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले 'अन्तरराष्ट्रिय श्रम सङ्गठनको बाध्यकारी श्रम महासन्धि, १९३० सम्बन्धी सन् २०१४ को प्रोटोकल नं २९' र 'अन्तरराष्ट्रिय श्रम सङ्गठनको श्रम निरीक्षणसम्बन्धी महासन्धि, १९४७ (नं ८१)' माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए ।

मन्त्री यादवले छलफलमा उठेका प्रश्नको जवाफ दिँदै श्रम सङ्गठनहरुलाई खारेज गर्न नखोजेको भन्दै एकीकृत भएर आउन आग्रह गरिएको बताए । उनले प्राप्त सुझावलाई मनन् गरेर प्रोटोकलको कार्यान्वयनसम्बन्धी योजना तर्जुमा गरिने बताए । मन्त्री यादवले श्रमसम्बन्धी मुद्दाको फस्र्योटले गति लिएको, राहत, उद्धार र क्षतिपूर्तिको क्रमलाई बढाइएको बताए । उनले गत तीन महिनामा रु १२ करोड क्षतिपूर्ति उपलब्ध गराइएको जानकारी दिए ।

छलफलमा सांसदहरु गोविन्द पन्थी, परशुराम तामाङ, नरेन्द्रकुमार केरुङ, डा पुष्पराज कँडेल, समीक्षा बाँस्कोटा, गणेशकुमार कार्की, कृष्णहरि बुढाथोकी, पुष्पा चौधरी, रीना उप्रेती, सुलभ खरेल, क्रान्तिशिखा धिताल, पारसमणि गेलाल, प्रमिलाकुमारी गच्छदार, ज्ञानेन्द्र सिंह महता, साजिदा खातुन, राजन गौतम, गणेशबहादुर विश्वकर्मा, कमल सुवेदी, प्रदीप विष्ट, गुरुप्रसाद बराल, यज्ञमणि न्यौपाने र रेनुका काउँचाले भाग लिएका थिए ।

सांसदहरूले श्रम कानुनको प्रभावकारी कार्यान्वयनका साथै श्रमिकको सम्मानजनक सुविधा र लगानीमैत्री वातावरणमा जोड दिएका थिए । प्रतिनिधिसभाको अर्को बैठक यही असार २४ गते बुधबार बिहान ११ बजे बस्नेछ । रासस

# शिक्षा तथा खेलकुद क्षेत्र सरकारको उच्च प्राथमिकतामाः शिक्षामन्त्री

**काठमाडौँ ।**
शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले शिक्षा र खेलकुद क्षेत्र सरकारको उच्च प्राथमिकतामा रहेको बताउँदै उपलब्ध स्रोतअनुसार आगामी आर्थिक वर्षका लागि अधिकतम बजेट विनियोजन गरिएको बताएका छन् ।

राष्ट्रिय सभामा विनियोजन विधेयकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री पोखरेलले आर्थिक वर्ष २०८३÷८४ को कुल राष्ट्रिय बजेट २१ खर्ब २४ अर्ब ३४ करोड ४४ लाखमध्ये शिक्षा तथा खेलकुद क्षेत्रमा दुई खर्ब १८ अर्ब ३० करोड ५० लाख रुपैयाँ अर्थात् कुल बजेटको १०.२८ प्रतिशत छुट्याइएको जानकारी दिए । प्रतिशतका हिसाबले अघिल्लो वर्षभन्दा केही कम भए पनि रकम भने करिब सात अर्ब रुपैयाँले बढेको उनले बताए ।



उनका अनुसार शिक्षा बजेटमध्ये विद्यालय शिक्षामा ६९.४९ प्रतिशत, उच्च शिक्षामा ११.०४ प्रतिशत, प्राविधिक तथा व्यावसायिक शिक्षामा २.५६ प्रतिशत, खेलकुदमा १.७४ प्रतिशत र व्यवस्थापनतर्फ १५.१७ प्रतिशत बजेट विनियोजन गरिएको छ । विद्यालय पूर्वाधार निर्माणका लागि मात्रै १० अर्ब ४५ करोड रुपैयाँभन्दा बढी बजेट छुट्याइएको उनले जानकारी दिए ।

मन्त्री पोखरेलले आगामी वर्ष सात हजार ६६० जनालाई बजारको मागअनुसार सीप विकास तालिम दिने, माध्यमिक तहका सबै सामुदायिक विद्यालयमा स्मार्ट बोर्ड जडानका लागि एक अर्ब सात करोड रुपैयाँ व्यवस्था गरिएको तथा एसइई परीक्षा सञ्चालनको जिम्मेवारी प्रदेश तहबाट गराउन ३५ करोड रुपैयाँ विनियोजन गरिएको बताए ।

विद्यालय शिक्षा क्षेत्र योजनाअन्तर्गत प्रदेशका लागि ६२ करोड ४० लाख रुपैयाँ छुट्याइएको छ । यसमध्ये भौतिक पूर्वाधारमा २७ करोड ६० लाख र शिक्षक तालिममा २७ करोड ५० लाख रुपैयाँ खर्च गरिनेछ । साथै गोरखा र पश्चिम नेपालका भूकम्प प्रभावित १९ जिल्ला बाहेक अन्य स्थानीय तहमा विद्यार्थी सङ्ख्याका आधारमा दुई अर्ब ३७ करोड रुपैयाँ विद्यालय भवन निर्माण अनुदानका लागि विनियोजन गरिएको उनले बताए ।

सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइएको छ । साविक कर्णालीका जिल्लामा प्रतिविद्यार्थी दैनिक २५ रुपैयाँ र अन्य जिल्लामा २० रुपैयाँका दरले बजेट व्यवस्था गरिएको मन्त्री पोखरेलले जानकारी दिए । उनले अनुसन्धान, गुणस्तरीय विद्यालय शिक्षा, प्रतिस्पर्धी उच्च शिक्षा र प्राविधिक शिक्षाको विस्तारलाई सरकारले प्राथमिकतामा राखेको उल्लेख गर्दै विद्यालय पाठ्यक्रम परिमार्जनका लागि कार्यदल गठन भइसकेको र नयाँ प्रारुप कार्यान्वयनपछि विद्यालय शिक्षामा सुधार आउने विश्वास व्यक्त गरे । मन्त्री पोखरेलले न्यून विद्यार्थी भएका विद्यालयलाई भौगोलिक अवस्था र आवश्यकताका आधारमा गाभ्ने, तह घटाउने वा साना विद्यालयका रूपमा सञ्चालन गर्ने नीति लिइने भएपनि कुनै पनि विद्यार्थीको शिक्षा पाउने अधिकार कुण्ठित नहुने स्पष्ट पारे ।

उनले अपाङ्गता भएका बालबालिकाका लागि आवासीय छात्रवृत्ति, डिजिटल पाठ्यपुस्तक, विशेष विद्यालय सञ्चालन तथा प्रत्येक प्रदेशमा बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि आवासीय विद्यालय स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको बताए । बजारमुखी शैक्षिक कार्यक्रम, उद्यमशीलता, सूचना प्रविधिमा आधारित शिक्षाको विकास र कार्यसम्पादन अनुदानका लागि ५९ करोड रुपैयाँ विनियोजन गरिएको जानकारी पनि उनले दिए ।

विश्वविद्यालयलाई क्रमशः आत्मनिर्भर बनाउने नीति लिइएको उल्लेख गर्दै आवश्यक न्यूनतम खर्च भने सरकारले नै व्यवस्थापन गर्ने उनले बताए । हाल आधारभूत तहको खुद भर्नादर ९७.७ प्रतिशत र शिक्षा पूरा गर्ने दर ७४ प्रतिशत रहेको जानकारी दिँदै विद्यालयबाहिर रहेका बालबालिकाको विवरण सङ्कलन गरी लक्षित कार्यक्रम सञ्चालन गरिने बताए ।

खेलकुदतर्फ राष्ट्रिय खेलकुद प्रतियोगिता, राष्ट्रपति रनिङ शिल्ड तथा राष्ट्रिय कीर्तिमान बनाउने खेलाडीलाई नगद पुरस्कारको व्यवस्था गरिएको र अन्तर्राष्ट्रिय प्रतियोगितामा सफलता हासिल गर्ने खेलाडीलाई सम्मान तथा पुरस्कार दिने व्यवस्था यथावत् रहेको उनले बताए ।

मन्त्री पोखरेलले सरकारी विद्यालयप्रति अभिभावकको विश्वास बढाउने, विश्वविद्यालयमा राष्ट्रिय शैक्षिक क्यालेन्डर प्रभावकारी रूपमा लागू गर्ने र विश्वस्तरीय पाठ्यक्रम सञ्चालन गर्ने योजना रहेको जानकारी दिए । साथै डोम, चमार, मुसहर र बादी समुदायका विद्यार्थीका लागि चिकित्साशास्त्र अध्ययनको छात्रवृत्ति निरन्तरता दिइएको तथा दलित र मधेशी समुदायका लागि आरक्षित छात्रवृत्ति सिटको व्यवस्था कायम रहेको बताए ।

उनका अनुसार हाल सबै सामुदायिक विद्यालयलाई इन्टरनेट शुल्क उपलब्ध गराइँदै आएको छ । देशका ६८.२ प्रतिशत विद्यालयमा सूचना प्रविधिसम्बन्धी पूर्वाधार, ७३.९ प्रतिशतमा विद्युत् सुविधा र ६९.७ प्रतिशत विद्यालयमा ब्रोडब्यान्ड इन्टरनेट सेवा पुगेको भन्दै उनले डिजिटल शिक्षाको विस्तारलाई सरकारले विशेष प्राथमिकता दिएको बताए । रासस

# ज्येष्ठ नागरिक–दिवा सेवा केन्द्रलाई थप व्यवस्थित गर्छौं: मन्त्री वादी



**काठमाडौँ।**
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीले ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रलाई थप व्यवस्थित गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन् । राष्ट्रियसभाको सोमबारको बैठकमा सो मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै उनले दिवा सेवा केन्द्र नभएका ५० स्थानीय तहमा साझेदारीमा नयाँ केन्द्र स्थापना गरिने जानकारी दिइन्।

उनले भनिन्, 'स्थानीय तहको आवश्यकता र सिफारिसका आधारमा सेवा केन्द्र स्थापनाका लागि स्थान तय गरिने छ । त्यसका लागि मन्त्रालयले आवश्यक कार्यविधि तयार गरी सहजीकरण गर्ने छ ।' आगामी आवमा भक्तपुरको सूर्यविनायकमा भवन निर्माण गर्ने कार्यक्रम रहेको जानकारी दिँदै उनले सडक बालबालिकाको विषयमा पनि मन्त्रालय संवेदनशील रहेको बताइन् । आगामी आर्थिक वर्षभित्र नेपाललाई सडक बालबालिका मुक्त देश बनाउने लक्ष्यका 'विशेष संरक्षण निर्देशिका–२०८२' स्वीकृत गरिएको उनले उल्लेख गरिन् । 'सडकमा बालबालिका देख्ने बित्तिकै उद्धार, अस्थायी संरक्षण, उपचार, मनोसामाजिक परामर्श, परिवारको खोजी तथा पारिवारिक पुनःमिलन गराउने व्यवस्था राष्ट्रिय बालअधिकार परिषद् र स्थानीय तह, नेपाल प्रहरी र अन्य सङ्घसंस्थाको समन्वयमा अगाडि बढाइरहेको छ', उनले भनिन् । उनले महिलाको आर्थिक सशक्तीकरणका लागि सीप विकास, उद्यमशीलता, स्वरोजगार र प्रविधिमा पहुँच, सीप परीक्षणलगायतका कार्यक्रम सञ्चालन गरिएको बताइन् । मन्त्री वादीले महिलामाथि हुने हत्या तथा सबै प्रकारका हिंसाप्रति सरकार अति गम्भीर र संवेदनशील रहेको बताउँदै हिंसा प्रभावित तथा जोखिममा रहेका महिला र किशोरीको आर्थिक सशक्तीकरण कार्यक्रमलाई बजेटमा समावेश गरिएको प्रष्ट पारिन्।

उनले आगामी आर्थिक वर्षमा संविधान बमोजिम महिला विरुद्ध हुने धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलनका नाममा कुनै पनि यौनजन्य शोषण हुन नदिन लैङ्गिक हिंसाविरुद्धको एकीकृत कानुन तर्जुमा गरिने बताइन्। रासस

# स्वास्थ्यसम्बन्धी मौलिक हकको प्रभावकारी कार्यान्वयन गरिनेछ: स्वास्थ्यमन्त्री

**काठमाडौं।**
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले संविधानप्रदत्त स्वास्थ्यसम्बन्धी मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्न सरकार पूर्णरूपमा प्रतिबद्ध रहेको बताएकी छन्। राष्ट्रिय सभाको सोमबारको बैठकमा 'विनियोजन विधेयक, २०८३' माथि सांसदहरुले राखेको जिज्ञासाको जवाफमा उनले आगामी आर्थिक वर्षमा स्वास्थ्य क्षेत्रका लागि आवश्यक बजेट विनियोजन गरिएको जानकारी दिइन् । मन्त्रालय तथा मातहतका निकायका लागि रु ९६ अर्ब ३७ करोड ७३ लाख बजेट विनियोजन गरिएको उनले उल्लेख गरिन्।

स्वास्थ्यमा गरिएको लगानी खर्च होइन, यो देशको भविष्य र मानव पुँजी निर्माणमा गरिएको सबैभन्दा महत्त्वपूर्ण लगानी हो, मन्त्री मेहताले भनिन्, नागरिकको उपचार खर्चको आर्थिक भार कम गर्दै स्वस्थ नागरिकमार्फत उत्पादकत्व अभिवृद्धि गरी दिगो विकास गर्न स्वास्थ्य क्षेत्रमा पर्याप्त लगानी गर्नु आवश्यक छ । संविधानप्रदत्त मौलिक हक कार्यान्वयन गर्न 'राष्ट्रिय स्वास्थ्य वित्त रणनीति' ले निर्धारण गरेको १० प्रतिशतको लक्ष्य हासिल गर्नेतर्फ सरकार प्रयासरत रहेको उनको कथन छ । आगामी आर्थिक वर्षहरूमा स्वास्थ्य बजेटलाई क्रमिक रूपमा वृद्धि गर्दै यसलाई व्यावहारिक कार्यान्वयनको दिशामा लैजाने मन्त्री मेहताले उल्लेख गरिन् । उनले १०९ स्थानीय तहका आधारभूत अस्पताल निर्माण सम्पन्न भइसकेको र ३३६ वटा निर्माणका क्रममा रहेको जानकारी दिइन् । अन्य स्थानीय तहमा नक्साङ्कन गरी रणनीतिक स्थानमा निर्माण गर्ने लक्ष्य राखिएको उनको भनाइ छ । निर्माण सम्पन्न भएका आधारभूत अस्पतालमा स्वास्थ्य सेवा सञ्चालन गर्नु तीनै तहका सरकारको साझा जिम्मेवारी रहेको उनको भनाई छ । आधारभूत स्वास्थ्य सेवाको प्याकेजलाई एकीकृत रूपमा सञ्चालन गर्ने गरी आगामी वर्षको कार्यक्रममा बजेट उपलब्ध गराइएको उनको भनाइ छ । नागरिकलाई निःशुल्क वितरण गरिने अत्यावश्यक औषधि स्वदेशमा उत्पादन गर्ने तयारी स्वरूप मन्त्रालयले नेपाल औषधि लिमिटेडसँग सहकार्य गरी सिधैँ खरिद गर्ने व्यवस्था अघि बढाइएको उनले बताइन्। यस्तै सिंहदरबार वैद्यखानाको संस्थागत क्षमता अभिवृद्धिका लागि पनि रु सात करोड ६० लाख बराबरको बजेट व्यवस्था गरिएको उनले जानकारी दिइन् । सरकारले स्वास्थ्य बिमालाई उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै उनले रु २३ अर्ब बढी भुक्तानी भइसकेको छ भनिन् । बाँकी दाबी भुक्तानीका गर्न आवश्यक बजेट व्यवस्थापन तथा दिगो वित्तीय स्रोत सुनिश्चितताका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको मन्त्री मेहताको कथन छ।

स्वास्थ्य सेवामा सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गर्ने र सेवा प्रवाहलाई सहज बनाइने उनको भनाई छ। निजी अस्पतालले आफ्नो स्वीकृत शय्या संख्याको १० प्रतिशत निःशुल्क उपचारका लागि उपलब्ध गराउनुपर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन भइरहेको मन्त्री मेहताले जानकारी दिइन् । सरकारी अस्पतालमा स्वास्थ्यकर्मीको उपस्थिति, सेवाप्रतिको आचरण, सरसफाइ तथा सेवा गुणस्तर सुनिश्चितता गर्न सबै संघीय अस्पतालमा विद्युतीय हाजिरी अनिवार्य गरिएको उनले सदनलाई जानकारी दिइन्। रासस

# विज्ञान र प्रविधिका क्षेत्रमा नयाँ कार्यक्रम तय हुँदैछ: मन्त्री पुन

**काठमाडौं ।**
विज्ञान प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले युवालाई नवप्रवर्तनमार्फत स्वदेशमै क्रियाशील हुने वातावरण बनाइए विदेश जाने क्रम रोकिने बताएका छन् । राष्ट्रियसभाको सोमबारको बैठकमा 'विनियोजन विधेयक, २०८३' को छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री पुनले लामो पहलपछि बेग्लै मन्त्रालय स्थापना भएको र यस क्षेत्रका लागि बजेट बढ्न थालेको बताए ।

मन्त्री पुनले मुलुकमा आविष्कार केन्द्र खोल्न आफूले विगतमा गरेका कामको चर्चा गर्दै अघिल्ला सरकारहरूले विज्ञान र प्रविधिलाई कम महत्व दिएकाले आफू राजनीतिमा आउनुपरेको स्पष्ट गरे । मन्त्रालयका लागि पुँजीगत खर्चको एक प्रतिशत (चार अर्ब) विनियोजन गरिएको जनाउँदै बजेट पेस भएको समयमा मन्त्री नियुक्त नभएकाले तीन अर्ब ४० करोड अवण्डामा राखिएको उनले बताए ।

मन्त्री पुनले प्रदेश र स्थानीय तहले पनि पुँजीगत खर्चको एक प्रतिशत रकम विज्ञान र प्रविधिको क्षेत्रमा विनियोजन गर्न आग्रह गर्दै आएको उल्लेख गरे । मन्त्रालयले नेतृत्व पाएपछि नियम कानुनको तयारी एवं संगठन तथा व्यवस्थापन सर्वेक्षणलगायतका काममा लागेको उनले जानकारी दिए । युवा वैज्ञानिकलाई अनुसन्धानका लागि प्रस्ताव मागिने उनको भनाइ छ ।

मन्त्री पुनले 'राष्ट्रिय विधि विज्ञान प्रयोगशालासम्बन्धी विधेयक' विचाराधीन रहेको र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानलाई बजेट बढाइने अवगत गराए । नेपालमा हालसम्म 'प्याटेन्ट राइट्स' जम्मा ९० वटा मात्रै दर्ता भएको स्थितिमा सुधार ल्याइने प्रतिबद्धता व्यक्त गर्दै विज्ञानमा हुने खर्च लगानीका रुपमा रुपान्तरण हुने बताए ।

'विकसित देशले विज्ञान र प्रविधिका क्षेत्रमा लगानी गरेकाले उनीहरुले सुखको प्रतिफल पाएका छन्', मन्त्री पुनले भने, 'देशको समृद्धिका लागि यस क्षेत्रमा बजेट बढाउनै पर्छ । विदेशमा रहेका प्रतिभा र वैज्ञानिकलाई खोजी खोजी स्वदेशमा ल्याउनुपर्छ । यसमा हामी काम गरिरहेका छौँ ।' रासस

# युट्युब हेरेरै व्यावसायिक कृषिमा शेर्पा



**दाङ ।**
अधिकांशका लागि सामाजिक सञ्जाल युट्युब मनोरञ्जन र समय बिताउने माध्यम हो । तर, दाङको तुलसीपुर उपमहानगरपालिका–१३ बखरियाकी सुलोचना शेर्पाले त्यही युट्युबलाई आफ्नो जीवन बदल्ने पाठशाला बनाएकी छन् ।
पाँच वर्षअघि मोबाइलको पर्दाबाट सुरु भएको सिकाइले आज उनलाई व्यावसायिक कागती कृषकका रूपमा स्थापित गरेको छ । कुनै औपचारिक तालिम नलिई, कृषि विज्ञको ढोका नढकढक्याइ सुलोचनाले युट्युबमा उपलब्ध सामग्री हेरेरै कागतीखेतीका आधुनिक विधि सिकिन् । त्यसपछि घरसँगै जोडिएको ११ कट्ठा जग्गामा ३०० वटा कागतीका बिरुवा रोपेर व्यावसायिक खेती सुरु गरिन् । 'मैले युट्युबबाट धेरै कुरा सिकेँ, त्यसबाट आत्मविश्वास बढ्यो र खेती सुरु गर्ने निर्णय गरेँ', उनले भनिन् । सुरुवाती वर्षमा उत्पादन कम भए पनि उनी निराश भइनन् । बोटको नियमित हेरचाह, सिँचाइ र प्राङ्गारिक मलको प्रयोगलाई निरन्तरता दिइन् । त्यसको प्रतिफलस्वरूप गत वर्ष सबै खर्च कटाएर करिब १ लाख ५० हजार रुपैयाँ आम्दानी गर्न सफल भइन् । यस वर्ष भने बगैँचाका अधिकांश बोट फलले लटरम्म छन् । उत्पादन बढेकाले आम्दानी २ लाख रुपैयाँसम्म पुग्ने अपेक्षा उनको छ । 'गत वर्षभन्दा यसपालि धेरै राम्रो फल लागेको छ, मेहनतको प्रतिफल देखिन थालेको छ', उनले भनिन् ।
अहिले उनले विभिन्न कृषिसम्बन्धी संघ–संस्था र सरकारी निकायबाट पनि प्राविधिक सहयोग लिन थालेकी छन् । झोल मल, गोठे मल र गड्यौला मलको प्रयोग गरेर प्राङ्गारिक उत्पादनलाई प्राथमिकता दिइरहेकी छन् । यसले उत्पादनको गुणस्तर सुधारिनुका साथै लागत पनि घटेको उनको अनुभव छ । सुलोचनाको बुझाइमा अहिले सूचना र प्रविधिको पहुँच गाउँसम्म पुगेको छ । त्यसलाई मनोरञ्जनमा मात्र सीमित नराखी सीप सिक्ने माध्यमका रूपमा उपयोग गर्न सके आत्मनिर्भर बन्न सकिन्छ ।
उनको सफलताले आधुनिक प्रविधिको सही उपयोगले गाउँमै बसेर पनि रोजगारी र आम्दानीका नयाँ अवसर सिर्जना गर्न सकिन्छ भन्ने सन्देश दिएको छ । कुनै समय मनोरञ्जनका लागि चलाइएको मोबाइल आज उनका लागि खेतीको गुरु बनेको छ भने कागती बगैँचाले उनको जीवनमा आर्थिक आत्मनिर्भरताको नयाँ अध्याय लेखिदिएको छ । रासस

# नाटोमा बढ्दै युरोपको भूमिका

**ब्रसेल्स ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नाटोप्रति अमेरिकाको परम्परागत सुरक्षा प्रतिबद्धतामाथि बारम्बार प्रश्न उठाउन थालेपछि युरोपेली देशहरू आफ्नै सुरक्षाको जिम्मेवारी बढाउने दिशामा तीव्र रूपमा अघि बढेका छन् । यही परिवर्तनलाई थप स्पष्ट बनाउने अपेक्षासहित ३२ सदस्यीय नाटोका नेताहरू यस हप्ता टर्कीको अङ्कारामा शिखर सम्मेलनमा जुट्दै छन् ।
ट्रम्प प्रशासनले अमेरिका अब युरोपको सुरक्षाको मुख्य जिम्मेवारी एक्लै वहन गर्न नचाहेको स्पष्ट सङ्केत दिएको छ । हालै जर्मनीबाट पाँच हजार अमेरिकी सैनिक फिर्ता बोलाउने, पोल्यान्डमा नयाँ तैनाथी रोक्ने तथा युरोपमा रहेका अमेरिकी सैन्य उपस्थितिको समीक्षा गर्ने निर्णयले नाटोभित्र नयाँ शक्ति सन्तुलनबारे बहस तीव्र बनाएको छ । अमेरिकी रक्षामन्त्री पीट हेग्सेथले पनि नाटोलाई युरोपले आफ्नै सुरक्षामा नेतृत्व गर्ने सन्तुलित गठबन्धनका रूपमा विकास गर्ने नीति रहेको बताएको छ ।
रुसले सन् २०२२ मा युक्रेनमाथि पूर्ण आक्रमण सुरु गरेपछि युरोपेली मुलुकहरूले रक्षा खर्च बढाउन थालेका थिए । ट्रम्पको दबाबपछि त्यो प्रक्रिया अझ तीव्र बनेको छ । गत वर्षको नाटो शिखर सम्मेलनमा सदस्य राष्ट्रहरूले सन् २०३५ सम्म रक्षा खर्चलाई कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को पाँच प्रतिशतसम्म पु¥याउने लक्ष्यमा सहमति जनाएका थिए । जर्मनीले यस अभियानको नेतृत्व गरिरहेको छ भने रुससँग सीमा जोडिएका सदस्य राष्ट्रहरूले पहिलेदेखि नै उच्च रक्षा खर्च गरिरहेका छन् ।



युरोपेली कूटनीतिज्ञहरूका अनुसार अहिलेको परिवर्तन केवल ट्रम्पको नीतिसम्म सीमित छैन, बरु अमेरिका क्रमशः युरोपको सुरक्षाबाट पछि हट्ने दीर्घकालीन रणनीतिक परिवर्तनको सङ्केत हो । त्यसैले युरोपले अमेरिकाले छोड्ने जिम्मेवारी विस्तारै आफैँ सम्हाल्ने तयारी गरिरहेको छ । यद्यपि लामो दूरीका क्षेप्यास्त्र, उन्नत हवाई प्रतिरक्षा प्रणाली तथा अन्य अत्याधुनिक सैन्य क्षमतामा अमेरिकाको विकल्प तयार गर्न अझै समय लाग्ने विश्लेषण गरिएको छ ।
यद्यपि व्यावहारिक रूपमा नाटोमा अमेरिकी प्रभाव अझै कायम छ । युरोपमा करिब ८० हजार अमेरिकी सैनिक तैनाथ छन्, गठबन्धनको सर्वोच्च सैन्य कमान्ड अमेरिकाकै नियन्त्रणमा छ र अमेरिकी आणविक सुरक्षा छाता अझै पनि युरोपेली सुरक्षाको मुख्य आधार बनेको छ । केही क्षेत्रीय मुख्यालयको नेतृत्व भने युरोपेली अधिकारीहरूले सम्हाल्न थालेका छन् । यसलाई गठबन्धनभित्रको जिम्मेवारी बाँडफाँटको सुरुआतका रूपमा हेरिएको छ ।
नाटोभित्र अहिले 'बलियो नाटोका लागि बलियो युरोप' भन्ने अवधारणाले प्राथमिकता पाएको छ । सदस्य राष्ट्रहरू अमेरिका गठबन्धनबाट अलग होस् भन्ने पक्षमा छैनन्, बरु युरोपले बढी सुरक्षा जिम्मेवारी लिँदै अमेरिकालाई गठबन्धनमा सक्रिय राख्ने रणनीतिमा अघि बढिरहेका छन् । साथै, युक्रेनलाई युरोपेली सुरक्षा संरचनासँग थप नजिक ल्याउने प्रयास जारी रहे पनि नाटो सदस्यताको बाटो भने तत्कालका लागि बन्द नै रहेको छ । त्यसैले अहिलेको जोड युक्रेनलाई युरोपेली सङ्घ (इयु) सँग अझ निकट बनाउने दिशामा केन्द्रित छ । समग्रमा, ट्रम्पको नीतिले नाटोलाई तत्काल कमजोर बनाएको नभए पनि गठबन्धनभित्रको शक्ति सन्तुलन परिवर्तन गर्दै अमेरिकामाथिको निर्भरता घटाउने र युरोपलाई आफ्नै सुरक्षाको नेतृत्वतर्फ उन्मुख गराउने प्रक्रिया तीव्र बनाएको विश्लेषण गरिएको छ । रासस

# वैदेशिक रोजगारीबाट फर्किएर पेडाबाट आत्मनिर्भर

**सुनसरी ।**
वैदेशिक रोजगारीमा ११ वर्ष बिताएका बराहक्षेत्र नगरपालिका–१ चतराघाटका महेश साहले हाल पेडा व्यवसायबाट मासिक ८० हजार रुपैयाँभन्दा बढी आम्दानी गर्दै आएका छन् । मलेसियाबाट स्वदेश फर्किएपछि केही वर्ष धरान–चतरा–रामपुर सडकखण्डमा ट्याम्पो चलाएका उनी चतराघाटमा सञ्चालनमा रहेका पेडा पसलबाट प्रभावित भएर तीन वर्षअघि त्यसमा होमिएका हुन् । 'सुरुमा विभिन्न मिठाइ बनाएर बिक्री गर्थें । पछि पेडा बनाउन थालेँ । अहिले यही व्यवसाय राम्रोसँग चलिरहेको छ,' उनले भने ।
केही दशकअघि कोशी नदी किनारको चतराघाट ढिके नुनको व्यापारका लागि परिचित थियो । साहका पितापुर्खाले पनि त्यही स्थानमा ढिके नुनको व्यापार गर्थे । समयसँगै व्यापारको स्वरूप फेरिँदै अहिले चतराघाट पेडा पसलका लागि परिचित बन्दै गएको छ । विक्रम संवत् २०७२ मा चतरास्थित कोशी पुल सञ्चालनमा आएपछि धरान, इटहरी, विराटनगरलगायत पूर्वी क्षेत्रबाट चतरा– गाईघाट–



सिन्धुली हुँदै काठमाडौं जाने वैकल्पिक सडकमार्ग प्रयोगमा आयो । त्यसयता यस क्षेत्रमा सवारीसाधनको आवागमन उल्लेख्य रूपमा बढेसँगै व्यापारिक गतिविधि पनि विस्तार भएको साह बताउँछन् ।
यात्रुको चहलपहल बढेसँगै पेडाको माग पनि निरन्तर बढिरहेको छ । अहिले उनको पसलमा देशका विभिन्न जिल्लाबाट आउने यात्रुले पेडा किन्ने गरेका छन् । अनलाइनमार्फत पनि पर्याप्त अर्डर आउने गरेको र डेलिभरीको व्यवस्था समेत मिलाइएको उनले जानकारी दिए । दैनिक १२० लिटरभन्दा बढी दूधबाट पेडा उत्पादन गर्थे । उनले उदयपुरको रामपुर र श्रीलङ्का टप्पु क्षेत्रबाट दूध खरिद गरी पेडा बनाउने गरेको बताए । 'विदेशमा १२ घण्टा काम गर्दा मुस्किलले ४० देखि ४५ हजार कमाइ हुन्थ्यो,' उनले भने, 'अहिले आफ्नै ठाउँमा परिवारसँग बसेर काम गर्दा मासिक ७० देखि ८० हजारसम्म आम्दानी हुन्छ । आफ्नै गाउँमा बसेर काम गर्न पाउनु नै सबैभन्दा ठूलो सन्तुष्टि हो ।' हाल चतराघाट क्षेत्रमा एक दर्जनभन्दा बढी पेडा पसल सञ्चालनमा छन् । कोशी पुल निर्माणपछि बढेको सर्वसाधारणको आवागमनसँगै चतराघाट पूर्वी नेपालको पेडा उत्पादन र बिक्रीका लागि परिचित केन्द्रका रूपमा स्थापित हुँदै गएको छ । रासस

# दक्षिणी युरोपमा डढेलोको कहर

**एथेन्स ।**
पोर्चुगल, ग्रिस र स्पेनमा फैलिएको भीषण डढेलो नियन्त्रणबाहिर जाने जोखिम बढ्दै गएको छ । सयौँ अग्निनियन्त्रक, दर्जनौँ हवाई साधन र अन्तर्राष्ट्रिय सहयोग परिचालन गरिए पनि आगो पूर्ण रूपमा नियन्त्रणमा आउन सकेको छैन । ग्रिसमा डढेलोसँगै विषाक्त धुवाँको खतरा बढेपछि केही क्षेत्रमा स्थानीयवासीलाई घरभित्रै बस्न र झ्याल–ढोका बन्द गर्न निर्देशन दिइएको छ ।
ग्रिसको दोस्रो ठूलो सहर थेस्सालोनिकीस्थित ओराइओकास्ट्रो उपनगर नजिक रहेको रिसाइक्लिङ प्लान्टमा शनिबार साँझ लागेको आगो तीव्र हावाका कारण फैलिएको थियो । त्यसबाट निस्किएको विषाक्त धुवाँका कारण आसपासका तीन उपनगर तथा १५७ अपाङ्गता भएका व्यक्तिहरू बसोबास गर्ने आवासका लागि सतर्कता जारी गर्दै आंशिक स्थानान्तरण गरिएको छ । आगो नियन्त्रणका लागि करिब १६० अग्निनियन्त्रक रातभर खटिएका थिए भने आइतबार बिहानदेखि पानी बोक्ने विमान परिचालन गरिएको थियो । स्थानीय मेयर पान्डेलिस साकिरिसका अनुसार केही घर र व्यवसायमा क्षति पुगेको छ, यद्यपि क्षतिको विस्तृत विवरण आउन बाँकी छ ।



यसैबीच, एथेन्सको पश्चिमस्थित मन्द्रा क्षेत्रमा देवदारको जङ्गलमा लागेको अर्को डढेलो नियन्त्रण गर्न २१० अग्निनियन्त्रक, स्वयंसेवक, विशेष टोली तथा २९ हवाई साधन परिचालन गरिएको छ । रात परेपछि हवाई उद्धार प्रभावित हुने भएकाले अधिकारीहरूले साँझअघि नै आगो नियन्त्रणमा ल्याउने प्रयास तीव्र पारेका छन् ।
पोर्चुगलको मध्य भाउजेला क्षेत्रमा बिहीबारदेखि लागेको डढेलो निभाउन एक हजार २०० भन्दा बढी अग्निनियन्त्रक, करिब ४०० सवारीसाधन र १५ वटा विमान परिचालन गरिएको छ । युरोपेली सङ्घ (इयु)को कोपर्निकस स्याटेलाइट प्रणालीका अनुसार आइतबारसम्म आगोले करिब १२ हजार हेक्टर क्षेत्र जलाइसकेको छ ।
पोर्चुगललाई सहयोग गर्न स्पेनले १२० अग्निनियन्त्रक र ४५ सवारीसाधन पठाएको छ भने इटाली र स्पेनबाट तीनवटा अग्निनिवारण विमान पनि परिचालन गरिएका छन् । अधिकारीहरूका अनुसार आगोको तीव्रता केही घटे पनि केही स्थानमा अझै तातो केन्द्रहरू बाँकी छन् । स्पेनको उत्तरपूर्वी गिरोना क्षेत्रमा शुक्रबारदेखि फैलिएको डढेलोले करिब दुई हजार २०० हेक्टर क्षेत्र जलाइसकेको छ । क्याटालोनिया अग्नि सेवाका अधिकारी एडवर्ड मार्टिनेजका अनुसार आगोको परिधि करिब ४० किलोमिटर पुगेको छ र तत्काल नियन्त्रणमा आउने सम्भावना कम देखिएको छ ।
ग्रिसको अग्निशमन विभागले थेस्सालोनिकीको आगलागी सडकछेउको वनस्पतिमा गाडीबाट निस्किएको स्पार्कका कारण सुरु भएको आशङ्कामा ७६ वर्षीय एक व्यक्तिलाई पक्राउ गरेको जनाएको छ । केही दिनअघि सोही क्षेत्रनजिकै अर्को डढेलोमा १२ वर्षीय बालक र उनका बुबाको मृत्यु भएको थियो । अग्निशमन विभागका प्रवक्ता ब्रिगेडियर आयोनिस आर्टोपियोसका अनुसार ग्रिसका करिब ८५ प्रतिशत डढेलो मानवीय लापरवाहीका कारण लाग्ने गरेका छन् । कृषि उपकरणबाट निस्कने स्पार्क, चुरोटका ठुटा र खुला स्थानमा बारबेक्यु गर्दा हुने असावधानी डढेलोका प्रमुख कारण हुन् । अधिकांश आगलागी सचेतना अपनाएर रोक्न सकिने उनले बताए ।
ग्रिसले हरेक वर्ष गर्मीयाममा विनाशकारी डढेलोको सामना गर्दै आएको छ ।
सन् २०१८ मा एथेन्सनजिकैको डढेलोमा १०० भन्दा बढीको मृत्यु भएको थियो भने सन् २०२३ मा उत्तरपूर्वी ग्रिसमा लागेको डढेलो युरोपेली सङ्घको इतिहासकै सबैभन्दा ठूलो वनडढेलो बनेको थियो । जलवायु परिवर्तनका कारण बढ्दो जोखिमलाई मध्यनजर गर्दै ग्रिसले हालै प्रक्षेपण गरिएका चार उपग्रहमार्फत डढेलो निगरानी प्रणाली थप सुदृढ बनाउने तयारी गरेको छ । रासस

# ब्राजिललाई हराउँदै नर्वे विश्वकपको क्वाटरफाइनलमा प्रवेश

**काठमाडौँ ।**
एर्लिङ हालान्डको गोलमा पाँचपटकको विश्वकप विजेता ब्राजिललाई पराजित गर्दै नर्वे फिफा विश्वकप २०२६ को क्वाटरफाइनलमा प्रवेश गरेको छ । अमेरिकाको न्युयोर्क न्युजर्सी स्टेडियममा सोमबार भएको खेलमा नर्वेले ब्राजिललाई २–१ गोलअन्तरले पराजित गर्दै विश्वकपको क्वाटरफाइनलमा प्रवेश गरेको हो ।
नर्वेको जितमा दुवै गोल हालान्डले गरे । उनले खेलको दोस्रो हाफको अन्तिम ११ मिनेटमा दुई गोल गरेका थिए । खेलको ७९औँ मिनेटमा हालान्डले नर्वेका लागि पहिलो गोल गरेका थिए । आन्द्रेस सेलड्रुपको पासमा हालान्डले गोल गरेका हुन् । त्यस्तै उनले खेलको ९०औँ मिनेटमा दोस्रो गोल गरे ।
त्यसैगरी, ब्राजिलका लागि नेइमारले खेलको दोस्रो हाफको अतिरिक्त समयमा पेनाल्टीमार्फत एक गोल फर्काएका थिए । यस हारसँगै ब्राजिल विश्वकपबाट बाहिरिएको छ । रासस



# घाँसको बीउ उत्पादन

**राँझा ।**
बाँकेको खजुरा गाउँपालिका–२ गौघाटस्थित राष्ट्रिय पशु प्रजनन कार्यालयले ३० हजार ६ सय ३० किलो घाँसको बीउ उत्पादन गरेको छ ।
चालु आर्थिक वर्ष ०८२÷८३ मा विभिन्न प्रजातीका घाँसको ३० हजार ६ सय ३० किलो घाँसको बीउ उत्पादन गरिएको राष्ट्रिय पशु प्रजनन कार्यालयका प्रमुख वरिष्ठ पशु विकास अधिकृत डा.खिमानन्द खनालले जानकारी दिए ।
उनका अनुसार राष्ट्रिय पशु प्रजनन कार्यालयबाट उत्पादन भएको घाँसको बीउ १९ हजार २ सय २६ किलो किसानलाई बिक्रीवितरण गरिएको छ । कार्यालयमा एक हजार ७ सय ९० किलो खपत भई ११ हजार ४ सय ३ केजी घाँसको बीउ बाँकी रहेको छ । कार्यालयले बर्सिम, जै, भेच, टियोसेन्टी, ज्वाइन्ट भेच स्टाइलो कुक्स, नेपियर लगायतको घाँस र बडहर, टाँकी, कोइरालो, इपिलइपिल, किम्बु मेन्डोला लगायतको डालेघाँसको बीउ तथा विरुवा उत्पादन गरी बिक्री वितरण गर्ने गरेको छ ।



चालु आर्थिक वर्षमा घाँसको बीउ तथा हरियो घाँस बिक्री गरेर २० लाख ४७ हजार ७०४ रुपैयाँ आम्दानी गरेको छ । कार्यालयले विभिन्न जातका घाँसका बीउ तथा बिरुवा उत्पादन गर्नुका साथै पशु नश्ल सुधार अन्तर्गत कृत्रिम गर्भाधानका लागि राँगो, साँढे तथा बोकाको जमेको वीर्य उत्पादन तथा वितरण हुँदै आएको वरिष्ठ पशु विकास अधिकृत डा. खनालले जानकारी दिए ।
खजुरा–२ गौघाटमा करिब ३४ दशमलव ४ हेक्टर क्षेत्रफलमा फैलिएको राष्ट्रिय पशु प्रजनन कार्यालयले व्यावसायिक रुपमा घाँसको बीउ खेती गरी किसानलाई बिक्री वितरण गर्दै आएको कार्यालयका पशु सेवा प्राविधिक देवनारायण जैसीले बताए । अहिले घाँसको बीउ छर्ने र बिरुवा रोप्ने काम भइरहेको छ । वर्षाद् नभएका कारण यो वर्ष घाँसको बीउ छर्न र बिरुवा रोप्न केही ढिलाइ भएको जैसीले जानकारी दिए ।
राष्ट्रिय पशु प्रजनन कार्यालय २०३६ सालमा भैँसी फाराम (बुल सेन्टर) का रूपमा स्थापना भएपश्चात् विभिन्न चरण हुँदै ४७ औँ वर्ष प्रवेश गरेको छ । यो कार्यालयले सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशका बाँके, बर्दिया, दाङ, प्युठान, रोल्पा र पूर्वी रुकुम गरी २५ जिल्लामा सेवा प्रवाह गरिरहेको छ । कार्यालयबाट विभिन्न जातका घाँसका बिउ तथा बिरुवा उत्पादन गर्नुका साथै पशु नश्ल सुधार अन्तर्गत कृत्रिम गर्भाधानका लागि राँगो, साँढे तथा बोकाको जमेको वीर्य उत्पादन तथा वितरण गर्दै आएको जैसीले बताए । रासस

# प्रहरीका जागिरे शेरीराम ‘ए रुपा’बाट चम्किए

*पाँच महिनाअघि बजारमा आएको–*
*‘ए रुपा तेरो लेहंगा जवरजस्त छ ।’*
*‘तेर आँखोमा सारा दुनियाँ मगन मस्त छ’*



**शेरबहादुर सिंह–रासस**
**कञ्चनपुर ।**
बोलको देउडा गीत चर्चित छ । सुदूरपश्चिममा झन्डै दुई दशकदेखि देउडा गायनमा सक्रिय लोक तथा देउडा गायक शेरीराम औजीको स्वर ‘ए रुपा’ बोलको कुमाउनी प्याटनको गीतमात्रै नभएर उनका हरेक गीतले सुदूरका देउडा पारखीहरूको मन जितिरहेका छन् । उक्त गीत बजारमा आउँदा केही समय भाइरल भएको थियो । युट्युबमा ‘ए रुपा’ बोलको गीतले ५४ लाख भ्युज पाएको औजीको भनाइ छ ।

बेलाबखत लोकप्रिय देउडा गीतहरू बजारमा ल्याएर सामाजिक सञ्जालदेखि युट्युब, टिकटकलगायतमा बजार तताउने गीत ल्याउँदै आउनुभएका देउडा गायक औजीको परिचय देउडा गायकमा मात्रै सीमित छैन । औजी नेपाल प्रहरी सङ्गठनका प्रहरी सहायक हबल्दार हुन् ।

सत्र वर्ष जागिर पार गरिसकेका औजीले आफ्नो प्रहरीको जिम्मेवारीसँगै साङ्गीतिकयात्रालाई पनि निरन्तरता दिइरहेको बताउँछन् । ‘स्कुल पढ्दादेखि नै देउडा गायनमा औधी रुचि भएकाले बैतडीमा विद्यालयहरूको जिल्लास्तरीय गायनमा पनि प्रथम भएको थिएँ,’ बैतडीको पञ्चेश्वरी गाउँपालिका–६ बिजुलमा जन्मिएका औजी २०६३ सालदेखि सुदूरपश्चिमको देउडा गाउन थालेका हुन् ।

‘गाउँबाट एसएलसी पास गरेर २०६६ सालमा प्रहरी जवानमा भर्ना हुनुअघि दुईवटा गीत बजारमा ल्याइसकेको थिएँ ।’ हाल जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका कार्यरत औजीले राससलाई भने, ‘ड्युटी सकेर ब्यारेक पस्यो, फुर्सद भयो कि गायन, नयाँ सृजनामा समय खर्चिने बानी भइसक्यो ।’

विसं २०६३ मा किशोरावस्थामै बैतडीबाट महेन्द्रनगर झरेर औजीले ‘घर छुट्यो, घरबार टुट्यो देउडा’ बोलको पहिलो गीत रेकर्ड गराएको बताए । पछिल्लो समय महेन्द्रनगरका कलाकार मासुम विष्टको लय र शब्द सङ्कलन तथा गायक औजीको ‘ए रुपा’ बोलको गीत सुदूरपश्चिममा मात्रै नभएर भारतको सीमावर्ती कुमाउ, पिथौरागढ र गडवाल क्षेत्रमा पनि चर्चित छ ।

हाल भीमदत्त नगरपालिका–५ सुकासाल बस्दै आएका औजीले सुदूरपश्चिममा एक सयभन्दा बढी गीतमा स्वर दिइसकेको बताए । औजीका दर्जनभन्दा बढी गीत अहिले पनि सुदूरपश्चिममा चर्चित छन् ।

***‘लागुऔषधसम्बन्धी सचेतना तथा प्रहरीका पनि गीतहरू ल्याएको छु, चलिरहेका छन्,’ उनले भने, ‘ड्युटीपछिको मेरो गायनयात्रालाई प्रहरी सङ्गठन र घरपरिवारले साथ दिएकाले हर्षित छु ।’***

***‘प्रहरीलाई खबर गरौँ***
***हरघडी आउँछ प्रहरी, सेवा गर्न आउँछ प्रहरी’***

‘घटना र दुर्घटना विपद् भएमा हरक्षण तयारी छौँ फोन गरौँ सयमा’ बोलको प्रहरीको गीत तीन वर्षअघि बजारमा औजीले ल्याएका थिए । यहाँ प्रहरीले गर्ने सचेतनामूलक कार्यक्रममा गायनमा पनि औजीले सचेतनामूलक प्रस्तुत दिने गरेका छन् । ‘मेरो पहिलो गीत ‘घर छुट्यो घरबार टुट्यो’ त्यो बेला सुदूरपश्चिमका रेडियो एफएमहरूमा पनि निकै बज्थ्यो ।’ औजीले भने, ‘अहिले पनि पहिलो गीत ओझेलमा छैन, दर्शकस्रोताले मन पराएकै छन् ।’ सुदूरपश्चिमका अर्का परिचित देउडा गायक महेशकुमार औजी गायक शेरीराम औजीका साङ्गीतिक क्षेत्रका एक प्रेरणा हुन् । ‘महेश औजी नाताले पनि दाई पर्नुहुन्छ,’ उनले भने, ‘घरका सबै सदस्यहरूले पनि मेरो गायनको यात्रालाई प्रोत्साहन गरिरहन्छन् ।’ उनले सुदूरका नौवटै जिल्लाको कला, संस्कृति पर्यटकीय गन्तव्य समेटिएको देउडा गीत ‘मेरी माया शीतलु छायाँ’ सुदूरपश्चिममा अर्को लोकप्रिय देउडा गीत हो ।

प्रहरीको ड्युटी सकेर फुर्सदमा गीतसङ्गीतकै दुनियाँमा समय खर्चिने औजी बिदाका बेला सुदूरपश्चिममा हुने मेला महोत्सवमा पनि स्टेज प्रस्तुति दिने गर्नुहुन्छ । ‘ड्युटी मेरो पहिलो प्राथमिकता हो,’ उनले भने, ‘गीतसङ्गीतलाई पनि निरन्तरता दिने योजनासहित साङ्गीतिक क्षेत्रलाई पनि सँगै लगेको छु ।’

उनले देउडा गीतहरू स्रोता दर्शकहरूले निकै मन पराएकै कारण देउडा गायनमा गरेको लगानीको प्रतिफल राम्रै आइरहेको बताए । ‘यहाँसँगै भारतीय सीमावर्ती क्षेत्रबाट पनि साङ्गीतिक प्रस्तुतिका लागि बोलावट हुन्छ,’ उनले भने, ‘समय मिलेमात्रै प्रस्तुतिका लागि जाने गरेको छु ।’

# आरोग्य पर्यटनदेखि इयूको प्रतिबन्ध हटाउने प्रयास

**हिमाल लम्साल – रासस**
**काठमाडौँ ।**
सरकारले विभिन्न पर्यटकीय क्षेत्रलाई थप प्रवद्र्धन एवं व्यवस्थित बनाउने लक्ष्यसहितको विस्तृत योजना तयार गरेको छ ।

वर्तमान सरकार गठन भएको १०० दिनको अवधिमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले खाका कार्यान्वयनमा ल्याउन लागेको हो ।

सरकारको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित दुई मुख्यभूत विषय समेट्एिको थियो । बुँदा नम्बर ७२ मा उदयपुर (कोशी नदी आसपास), अछाम (रामारोशन), बाजुरा बडिमालिका, अपी हिमाल ट्रेकिङ्ग रुट, दोर्दी हिमाल ट्रेकिङ्ग रुटलगायतका क्षेत्रमा व्यवस्थित पर्यटनका लागि आवश्यक अध्ययन गरी एक महिनाभित्र कार्यान्वयन योग्य खाका प्रस्तुत गर्ने लक्ष्य राखिएको थियो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव तथा प्रवक्ता जयनारायण आचार्यले मन्त्रालयले कार्ययोजना अनुसारको खाका तयार पार्ने काम भइसकेको जानकारी दिए ।

‘शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा कोशी आसपासमा चतरा र वाराह क्षेत्रको धार्मिक सम्भावनाको साथसाथै अन्य बहुआयमिक सम्भावनाको क्षेत्रको पहिचान गर्ने काम भइसकेको छ ।’ उनले भने, ‘पर्यटकीय पूर्वाधार लगायतको के के निर्माण गर्न सकिन्छ । सोबाट कसरी धेरैभन्दा धेरै लाभ प्राप्त गर्न सकिन्छ भन्ने विषयमा विस्तृत समेट्एिर खाका तयार भएको हो ।’

प्रवक्ता आचार्यले अपि, सैपाल, बडीमालिका, रारालगायतका पर्यटकीय क्षेत्रमा कस्ता पर्यटकीय पूर्वाधार र गन्तव्य बनाउने विषयमा समेट्एिर आवश्यक खाका बनाउने काम सम्पन्न भइसकेको जानकारीदिए । उनले भने, ‘अपी हिमाल जाने मार्गमा चाहिने अत्यावश्यक पर्यटकीय पूर्वाधार कस्ता बनाउने र के के आवश्यक पर्छन भन्नेलगायतका विषय समेट्एिर ल्याएका छौँ ।’

प्रवक्ता आचार्यले मन्त्रालयले बनाएको खाकामा सरकारको नीति तथा कार्यक्रम र बजेट समेत समेट्एिकाले पनि कार्यान्वयन गर्नका लागि धेरै हदसम्म सहज हुने दावी गरे । सरकारले अघि सारको शासकीय सुधारमा भनिएको छ ‘नेपाललाई आरोग्य पर्यटनको हब बनाउने । त्यति मात्रै नभएर नेपाललाई आरोग्य पर्यटन (पूर्वीय दर्शन, ध्यान, योग, प्राकृतिक चिकित्सा लगायत) को हब बनाउन १५ दिनभित्र आरोग्य पर्यटन रणनीति जारी गर्ने ।

साथै, नेपालको प्रस्तावमा संयुक्त राष्ट्रसङ्घले अप्रिल १५ लाई अन्तरराष्ट्रिय आरोग्य दिवस मनाउने निर्णय गरेकोमा उक्त प्रस्तावमा मतदान गर्ने सबै सदस्य राष्ट्रहरूलाई धन्यवाद ज्ञापन गर्ने । आरोग्य पर्यटनलाई आर्थिक रूपान्तरणको राष्ट्रिय एजेन्डाको रूपमा लिई ‘नेपाल वेलनेल इयर २०२७’ मनाउन अन्तरनिकाय समन्वय संयन्त्र बनाउने योजना थियो ।’

मन्त्रालयका प्रवक्ता आचार्यले आरोग्य पर्यटन रणनीति मन्त्रिपरिषद्को बैठकबाट स्वीकृति भएर कार्यान्वयनमा गइसकेको बताए । ‘आरोग्य पर्यटन रणनीति तयार पारेर मन्त्रिपरिषद्को बैठकबाट समेत स्वीकृत भइसकेको छ ।

आरोग्य पर्यटन रणनीति अहिले कार्यान्वयनमा आइसकेको छ।’ उनले भने, ‘सरकारले सन् २०२७ लाई नेपाल वेलनेल इयर २०२७ को रुपमा मनाउने गरी आवश्यक तयारी थालिसकेको छ ।’ आरोग्यमा विभिन्न विविधता झल्किने क्षेत्र पर्ने गर्छ जसमा योग, योगा, पदयात्रा र प्राचीन खालका खानपिन पर्छन् ।

प्रवक्ता आचार्यले आरोग्यताको कारणले पर्यटकको बसाइ पनि बढ्ने दावी गरे । उनले भने, ‘पर्यटकीय आकर्षणलाई बढाउनको लागि पनि आरोग्यतालाई विशेष प्राथमिकतामा राखेका हौं । यसले विश्वव्यापी रुपमा वेलनेल हुने अवस्थालाई मध्यनजर गर्दै यसको भरपुर उपयोग गरेर पर्यटन क्षेत्रको प्रवद्र्धन गर्न सकिनेछ ।’

उनले सरकार गठन भएसँगै एक सय दिनको अवधिमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा उल्लेखनीय सुधारका कामहरु हुँदै आइरहेको बताए ।

‘सरकार गठन भएपछि विमानस्थलबाट यात्रुहरूको आवागमनमा सहजताको लागि नेपालगञ्ज, सुर्खेत र धनगढी विमानस्थलमा विद्युतीय बसहरु सञ्चालनमा ल्याइएको छ ।’ उनले भने, ‘तीनवटै विमानस्थलमा सञ्चालनमा ल्याइएको सटलबसले यात्रुलाई धेरै सहज बनाएको छ ।’ प्रवक्ता आचार्यले मन्त्रालयले पर्वतारोहण अनुमति सङ्ख्या, सङ्कलित सलामी रकमसमेतको विवरण मन्त्रालयको ‘सेन्ट्रल इन्फमेसन सिस्टम’बाट वास्तविक समय रियलटाइम डिस्प्ले हुने प्रबन्ध गर्न एपिआई इन्ट्रिग्रेसन गरिएको बताए । उनले भने, ‘यसले पर्वतारोहण क्षेत्रको तथ्याव्यवस्थित गर्नका लागि धेरै मद्दत पुऱ्याउनेछ ।’

मन्त्रालयले एक सय दिनको अवधिमा सबै वायुसेवा कम्पनीको स्वीकृत उडान हुने दिनको सम्पूर्ण टिकट बिक्री नहुँदासम्म आन्तरिकतर्फको सम्पूर्ण वृत्त खण्डको एयरलाइन्स वेबसाइट सिस्टम, इसेवालगायतका ‘इपेमेन्ट पोर्टल’ बाट टिकट बिक्री हुने व्यवस्था मिलाएको छ ।

नेपाल वायुसेवा कम्पनीहरूको जहाजलाई युरोपियन देशहरूमा हवाई उडानमा लागेको प्रतिबन्ध हटाउन ‘करेक्टिभ एक्सन प्लान’ तयार गरी सम्बन्धित निकायमा पठाइएको छ । ‘युरोपियन युनियनको एयर सेफ्टी लिष्टमा रहेको कारण नेपाली वायु यानहरुलाई युरोपका गन्तव्यहरुमा उडान प्रतिबन्ध हटाउन ‘युरोपियन युनियन रिजनल सेफ्टी प्रोग्राम’हरु सञ्चालन भइरहेको छ ।’ उनले भने, ‘पछिल्लो समय इयुको प्रतिबन्ध खुलाउनको लागि पनि पर्याप्त पहलकदमी हुँदै आइरहेको छ ।’

**पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा नियमित उडान हुँदै**

पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित उडान हुने कार्यतालिका तय भएको छ । पोखरा क्षेत्रिय अन्तरराष्ट्रिय विमानस्थलमा फ्लाई दुबई कम्पनीले सन् २०२६ को सेप्टेम्बरदेखि नियमित अन्तरराष्ट्रिय उडान सुरु गर्ने गर्ने ‘समर सेड्युल’ र विन्टर सिजनको सेड्युल स्वीकृत भइसकेको छ ।

त्यसैगरी त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थललगायत अन्य अन्तरराष्ट्रिय र आन्तरिक विमानस्थलहरुको सरसफाइमा गुणात्मक सुधार भएको मन्त्रालयले जनाएको छ । त्यस्तैगरी विमानस्थलमा विमानस्थलमा स्तनपान कक्ष, वृद्ध तथा अशक्त यात्रुलाई सहायता सेवा र विरामी हेरचाह कक्षको व्यवस्था मिलाइएको छ । सरकारले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा पनि सरसफाइको कामलाई निरन्तरता दिँदै आइरहेको छ ।

राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिको बैठक दुई वर्षपछि बसी राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम आठौँ संस्करण स्वीकृत भएको छ । त्यस्तैगरी विमानस्थलको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन नेपाल प्रहरीअन्तर्गत छुट्टै ‘एभिएसन सेक्युरिटी विङ्’ बनाउन गृहमन्त्रालयलाई सिफारिस गरिएको छ ।

प्रवक्ता आचार्यले नेपाल नागरिक उड्डयन प्राधिकरणको नियामकीय र सेवा प्रदायक निकायमा विभाजन गर्ने कार्यको लागि कानुनी, नीतिगत र आर्थिक पक्षहरुको अध्ययन गरी सङ्क्रमणकाललाई सहज तुल्याउन सङ्क्रमण व्यवस्थापन निर्देशनालयको गठन गरी कार्य भइरहेको बताए ।

मन्त्रालयका अनुसार भौतिक र अभौतिक सम्पदाहरुको संरक्षण र प्रवद्र्धन गर्ने काम हुँदै आइरहेको छ । अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण कार्यक्रमअन्तर्गत पाँच वटा सम्पदाहरुलाई सूचीकरण गर्ने काम भएको छ भने सङ्ग्रहालयसम्बन्धी राष्ट्रिय मापदण्ड, २०८३ स्वीकृत भएको छ ।

पशुपति क्षेत्र विकास कोषले पशुपति क्षेत्रको समग्र सरसफाइलाई उच्च प्रथामितामा राखेर कार्यसम्पादन गर्दै आइरहेको छ ।

कोषमा कार्यरत कर्मचारीलाई दुई चरण तथा १२ रुटमा परिचालन गरेर दैनिक सरसफाइको काम हुँदै आइरहेको छ ।

पशुपति क्षेत्रअन्तर्गतका गौशाला बाटिका, भण्डारखाल बगैँचा, वनकाली उद्यान, निर्मल अखडालगायतका बगैँचाहरूको सौन्दर्यीकरण गरिएको कोषले जनाएको छ । कोषले पशुपति दर्शनार्थ आउने तीर्थयात्रीलाई सहज र सरल ढङ्गले दर्शन गर्ने व्यवस्थासमेत मिलाइएको छ । भेटी व्यवस्थापनलाई पारदर्शी र उत्तरदायी बनाउन दैनिक भेटी सङ्कलनको विवरण कोषको वेबसाइट तथा फेसबुक पेजमार्फत सार्वजनिक गर्ने गरिएको र भेटी गणना डिस्प्ले बोर्डमार्फत समेत सार्वजनिक गर्ने प्रारम्भ गरिएको छ । पशुपति क्षेत्रमा खानेपानी र शौचालयको व्यवस्थापनमा सुधार गर्दै निःशुल्क खानेपानीको पनि प्रबन्ध गरिएको छ ।

कोषले पशुपतिमा आउने पर्यटक तथा दर्शनार्थीहरुको लागि सहजताका लागि स्थापना गरिएको पर्यटक सहायता कक्षसमेत स्थापना गरिएको छ । त्यसको साथसाथै अन्य सांस्कृतिक महत्व बोकेका सम्पदा स्थलहरुको सरसफाइ तथा व्यवस्थापनमा पनि सुधार देखिएका छन् ।

**रोयल्टीको राजस्व ३६ प्रतिशतले बढ्यो**

मन्त्रालयका अनुसार होटल, क्यासिनो तथा पर्वतारोहणबापत नेपाल सरकारले विगत वर्षमा सङ्कलन गरेको राजस्व रकममा करिब ३६ प्रतिशतले वृद्धि भई हालसम्म करिब तीन अर्ब रकम बराबर राजस्व सङ्कलन भएको जनाएको छ । पर्यटन विभागबाट सम्पादन हुने कार्यमा करिव ८० प्रतिशतभन्दा बढी डिजिटल माध्यमबाट सम्पादन हुन गरेको छ ।

आगामी आर्थिक वर्षबाट पूर्णरुपमा डिजिटल माध्यमबाट सेवा प्रवाहको आधार तयार गरिएको छ ।

सरकारलाई तिर्नु बुझाउनुपर्ने राजस्व (रोयल्टी, शुल्क, दस्तुर, जरिवाना, बक्यौता)को सूचना सम्बन्धित पक्षलाई समयसीमाअगावै अग्रिम रुपमा एसएमएस तथा डिजिटल एप्समार्फत जानकारी गराउने थालनी गरिनेछ ।

त्यसैगरी सोही अवधिमा पशुपति क्षेत्रभित्र अतिक्रमणमा परेको १३ क्षेत्रबाट अतिक्रमण हटाई उक्त क्षेत्र पूर्ण रूपमा खाली गराइएको तथा संरक्षण, व्यवस्थापन र भावी उपयोगका लागि आवश्यक प्रक्रिया अघि बढाइएको मन्त्रालयले जनाएको छ ।

# स्वास्थ्यचौकी निर्माण गर्न पाँच रोपनी जग्गादान

**तनहुँ ।**
भानु नगरपालिका–३ खहरेमा नवनिर्मित ‘भानु स्वास्थ्यचौकी’को नयाँ सुविधासम्पन्न भवन निर्माणका लागि ६ परिवारबाट पाँच रोपनी एक आना जग्गा प्राप्त भएको छ ।

‘भानु स्वास्थ्यचौकी’को सुदृढीकरण र स्थायी संरचना निर्माणका लागि यहाँका ६ जनाको परिवारले तीन करोड २४ लाख रुपैयाँ मूल्यबराबरको जग्गादान गरेका हुन् ।

स्वास्थ्य सेवाजस्तो पवित्र कार्यका लागि स्थानीयले देखाएको यो उदारताको कदर गर्दै हालै शिलालेख अनावरण गरी जग्गादाताको योगदानलाई सार्वजनिक गरिएको छ ।

जग्गादान गर्ने दानवीरहरूमा स्थानीय बालकृष्ण र राममाया कार्की एक रोपनी आठ आना दुई पैसा एक दाम जग्गा दान गरेका छन् । हालको चलनचल्तीको मूल्यअनुरुप रु ९८ लाख ५० हजारको जग्गा रहेको छ । दानवीरमध्ये कार्की दम्पतीले बढी दान गरेका हुन् ।

त्यसैगरी, विष्णुबहादुर र सरिता कार्की पन्तका परिवारले ६४ लाख मूल्यको एक रोपनी, ज्ञानबहादुर र वीरमाया गुरुङले ६४ लाख मूल्यको एक रोपनी, दुर्गाबहादुर र रनकुमारी गुरुङले ४८ लाख मूल्यको १२ आना, स्वर्गीय लालबहादुर, जगकुमारी श्रेष्ठले ३२ लाख मूल्यको आठ आना र रामबहादुर र सुनकोरी गुरुङले १७ लाख ७५ हजार मूल्यको चार आना एक पैसा तीन दाम जग्गा दान गरेका हुन् ।

गाउँघरमै गुणस्तरीय स्वास्थ्य सेवा पुगोस् र गरिब तथा विपन्न नागरिकले उपचार अभावमा तड्पिनु नपरोस् भन्ने पवित्र उद्देश्यका साथ जग्गादान गरिएको दाता बालकृष्ण कार्कीले बताए ।

आफ्नै गाउँका नागरिक मिलेर करोडौँको जग्गा जुटाएपछि स्थानीयवासी उत्साहित भएर लागेका छन् । नेपाल सरकार, सहरी विकास मन्त्रालयको आर्थिक वर्ष २०८१–८२ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत आधुनिक भवनको निर्माण सम्पन्न भएको छ ।

सहरी विकास तथा भवन निर्माण विभाग, कास्कीको प्राविधिक सहयोगमा निर्माण गरिएको भवनको भानु नगरपालिकाका नगरप्रमुख आनन्दराज त्रिपाठीले उद्घाटन गर्नुभएको हो । यो अवसरमा नगरप्रमुख त्रिपाठीले स्वास्थ्य क्षेत्रमा स्थानीयवासीले देखाएको उत्साहले जनप्रतिनिधिहरूलाई थप हौसला मिलेको बताए । रासस

# समयमै काम नगर्ने निर्माण कम्पनीसँग ठेक्का तोडिँदै

**सुर्खेत ।**
पटकपटक ताकेता गर्दा पनि काम नगरेपछि सडक डिभिजन सुर्खेतले ठेक्का तोडने प्रक्रिया अगाडि बढाएको छ । सडक डिभिजन सुर्खेतले सम्झौताअनुसार निर्माण सम्पन्न नगर्ने चार निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता अन्त्य गरेको छ ।

पटकपटक लिखित तथा मौखिक रूपमा ताकेता, निर्देशन र म्याद थप गर्दा पनि तोकिएको अवधिभित्र काम सम्पन्न नभएपछि सार्वजनिक खरिद ऐन, २०६३ तथा ठेक्का सम्झौताको शर्तअनुसार सम्झौता अन्त्य गरिएको डिभिजनका सूचना अधिकारी रुपेश केसीले जानकारी दिए । डिभिजनले सार्वजनिक सूचनामार्फत सुर्खेतमा सञ्चालित चारवटा सडक तथा पुल निर्माण आयोजनाको ठेक्का रद्द गरिएको जानकारी दिएको हो । सूचनाअनुसार निर्माण व्यवसायीले सम्झौताअनुसारको दायित्व पूरा नगरेको, पटकपटक काम सम्पन्न गर्न आग्रह गर्दा पनि अपेक्षित प्रगति नभएकाले कानुनी व्यवस्थाबमोजिम सम्झौता अन्त्य गरिएको उल्लेख छ । सम्झौता अन्त्य गरिएका आयोजनामध्ये सहारे स्वास्थ्यचौकी–बेतेनी सडकअन्तर्गत गोचे खोलामाथि प्रि–स्ट्रेस्ड आरसिसी मोटरेबल पुल निर्माणको जिम्मा एमएस एड्भेन्चर जेभी बाँकेले पाएको थियो । त्यसैगरी, गुमी–पातिहाल्ना सडकअन्तर्गत भलुकुने खोलामा प्रिस्ट्रेस्ड आरसिसी पुल निर्माणको जिम्मा जयबुद्ध–नेपाल मेगा बिल्डर्स जेभी सुर्खेतलाई दिइएको थियो । यस्तै, सुर्खेत–जुम्ला सडक अन्तर्गत दैलेखको खुर्रा खोलामा आरसिसी पुल निर्माणको ठेक्का टिडीआर कन्स्ट्रक्सन प्रालि धनगढीले लिएको थियो भने रत्न राजमार्गअन्तर्गत

हर्रे–बाङ्गेसिमल खण्डमा सडक पुनःस्थापना, नाला निर्माण तथा सडक संरक्षणको काम जनता बिल्डर्स भेरीगङ्गा–९ सुर्खेतले गरिरहेको थियो । यी चारवटै आयोजनामा सन्तोषजनक प्रगति नभएपछि ठेक्का सम्झौता अन्त्य गरिएको सूचनामा उल्लेख छ ।सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) तथा ठेक्का सम्झौताको जिसीसी अन्तर्गतका सम्बन्धी व्यवस्थाअनुसार ठेक्का अन्त्य गरिएको डिभिजनले जनाएको छ । साथै, सार्वजनिक खरिद नियमावलीअनुसार पोस्ट टर्मिनेसन इभालुएसन गरी कानुनबमोजिम आवश्यक प्रक्रिया अघि बढाइने र सरकारलाई हुन गएको आर्थिक क्षति सम्बन्धित निर्माण व्यवसायीबाट असुलउपर गरिने पनि सूचनामा उल्लेख छ ।

डिभिजनले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्बन्धित निर्माण व्यवसायीलाई कार्यालयमा सम्पर्क गरी वित्तीय फरफारक प्रक्रिया सम्पन्न गर्न आग्रह गरेको छ । पछिल्लो समय निर्माण व्यवसायीले समयमै काम सम्पन्न नगर्दा सडक तथा पुल आयोजना लम्बिने समस्या बढ्दै गएको भन्दै सरकारले रुग्ण ठेक्कामाथि कडाइ गर्दै आएको छ । रासस

# बागरमा खानेपानीको समस्या

**तुलसीपुर ।**
दाङको दङ्गीशरण गाउँपालिका–६ स्थित बागरमा खानेपानीको समस्या भएको छ । गाउँको बीचमा दुई मुहान भए पनि त्यहाँ ट्याङ्की नहुँदा खानेपानीको हाहाकार हुने गरेको छ । खानेपानीकै लागि आधा घण्टा हिँडेर मुहान पुग्नुपर्ने बाध्यता छ ।

त्यतिमात्रै नभई मुहानमा गएर पनि एक घण्टासम्म पालो कुनुपर्ने अवस्था रहेको स्थानीय सीता चौधरीले गुनासो गर्नुभयो । ‘पानी ल्याउन पोखरीसम्म जानका लागि आधा घण्टा लाग्छ, मुहानमा गए पनि पालो पाउन मुस्किल छ,’ उनले भने ।

त्यहाँ करिब डेढ सय घरपरिवार छन् । बागरको ठन्डीबजार, बनखल्यान, नयाँगाउँ, गोठीगाउँलगायत गाउँमा खानेपानीको निकै समस्या हुने गरेको छ । ती दुईवटा मुहानको पानीलाई ट्याङ्कीमा जम्मा गरेर वितरण गर्न सकेमा समस्या नहुने स्थानीय एमेशन चौधरीले बताए । ‘दुईवटा मुहानलाई एउटा ओभरहेड ट्याङ्की बनाएर जम्मा गरेमा सबै गाउँलाई सहजै पुग्थ्यो,’ उनले भने, ‘घण्टौँ पालो कुर्नुपर्ने अवस्था आउने थिएन ।’

गाउँमा एउटा डिपबोरिङसमेत खनिएको छ । त्यो डिपबोरिङ खनेपछि घरघरमा धारा पनि जडान गरियो ।

केही समय त ती धारामा पनि पानी आयो । तर, अहिले ती धारा सुक्खा छन् । ‘ट्याङ्की नहुँदा पानी खेर जाने अवस्था भयो,’ स्थानीय निमबहादुर खत्रीले भने, ‘त्यसले गर्दा पानीको सतह मोटरभन्दा मुनि गयो र धारामा पानी आउन छोड्यो ।’

खानेपानी समस्या समाधानका लागि सबै तहका सरकारलाई गुहार गरे पनि सुनुवाइ नभएको उनको गुनासो छ । चुनावका बेला पानीको माग पूरा गर्ने आश्वासन आए पनि त्यो समाधानका लागि पहल भएको छैन । रासस

# राजर्षिजनक विश्वविद्यालयका उपकुलपतिद्वारा पदभार ग्रहण

**मधेशदृष्टि**
**जनकपुरधाम।**
राजर्षिजनक विश्वविद्यालयका नवनियुक्त उपकुलपति प्रा. डा. श्याम नारायण लाभले सोमबार पदभार ग्रहण गर्दै विश्वविद्यालयलाई शैक्षिक उत्कृष्टता, अनुसन्धान र सुशासनको केन्द्रका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । जनकपुरधामस्थित उपकुलपतिको कार्यालयमा आयोजित कार्यक्रममा उनले औपचारिक रूपमा पदभार ग्रहण गरेका हुन् । कार्यक्रममा निवर्तमान उपकुलपति प्रा. डा. विद्यासागर वर्मा, रजिष्ट्रार प्रा. डा. बलराम झा, विभिन्न संकायका डीन, परीक्षा नियन्त्रक, प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको थियो।



पदभार ग्रहणपछि उपकुलपति लाभले विश्वविद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, अनुसन्धानमुखी शिक्षाको प्रवर्द्धन, सूचना प्रविधिमैत्री प्रशासन, समयमै परीक्षा सञ्चालन तथा नतिजा प्रकाशनलाई आफ्नो कार्यकालका प्रमुख प्राथमिकतामा राख्ने बताए।

उनले प्राध्यापक, कर्मचारी, विद्यार्थी तथा सरोकारवालाबीच सहकार्य र विश्वासको वातावरण निर्माण गर्दै विश्वविद्यालयलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी शैक्षिक संस्थाका रूपमा स्थापित गर्न आफू प्रतिबद्ध रहेको बताए।

कार्यक्रममा निवर्तमान उपकुलपति प्रा. डा. विद्यासागर वर्माले नयाँ नेतृत्वलाई सफल कार्यकालको शुभकामना दिँदै विश्वविद्यालयको संस्थागत विकासका लागि निरन्तरता, समन्वय र सामूहिक प्रयास आवश्यक रहेको धारणा व्यक्त गरे।

कार्यक्रममा सहभागीहरूले नवनियुक्त उपकुलपति लाभलाई बधाई तथा शुभकामना दिँदै उनको नेतृत्वमा राजर्षिजनक विश्वविद्यालयले शैक्षिक, प्रशासनिक तथा अनुसन्धानका क्षेत्रमा थप उपलब्धि हासिल गर्ने विश्वास व्यक्त गरेका थिए।

# विवादका बीच कटहरियामा नगरसभा अदालत जाने चेतावनी

**राकेश यादव।**
**रौतहट।**
निर्वाचित वडा अध्यक्षहरुको विवादका बीच कटहरिया नगरपालिकाको १२औँ नगरसभा तथा १०औँ बजेट अधिवेशन सोमबार भएको छ।

आन्तरिक विवादका कारण असार १० गतेभित्र बजेट ल्याउन नसकेको कटहरिया नगरपालिकाले सोमबार गरेको नगरसभामा असन्तुस्ट वडा अध्यक्षहरूले विवाद सृजना गरेका थिए। विवादका बीच पनि नगरपालिकाले नगर अधिबेशन गर्दै आगामी आर्थिक वर्ष २०८३÷८४ का लागि ४८ करोड ७७ लाख ४७ हजार रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ।

बजेट वितरणमा विभेद भएको आरोप लगाउँदै पाँच जना वडा अध्यक्षले नगरसभा बहिष्कार गरेका समेत गरेका छन् । 'जनमुखी स्थानीय सरकारको विकास, समृद्धिको आधार' भन्ने नारासहित सम्पन्न नगरसभामा नगर प्रमुख अजय प्रकाश जैसवालले चालुतर्फ ३३ करोड ८८ लाख ७२ हजार र पुंजीगततर्फ १४ करोड ८८ लाख ७५ हजार रुपैयाँ विनियोजन गरिएको बजेट प्रस्तुत गरे । कृषि, पशुपालन, स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ, सडक तथा पूर्वाधार, विपद् व्यवस्थापन, महिला, बालबालिका, ज्येष्ठ नागरिक,



युवा तथा रोजगार प्रवर्द्धनलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याइएको हो।

नगरसभा चलिरहेकै बेला वडा नं. १ का अध्यक्ष भूपेन्द्र महतो, वडा नं. २ का अध्यक्ष हरेन्द्र साह, वडा नं. ४ का अध्यक्ष चन्दन कुशवाहा, वडा नं. ६ का अध्यक्ष जयराम चौधरी र वडा नं. ९ का अध्यक्ष रुपेश यादवले नगरसभा बहिष्कार गर्दै नगरपालिकाको मूल गेटमा प्रदर्शन गर्दै प्रमुख प्रशासकीय अधिकृतलाई नगरसभा बदर गर्न माग गर्दै ज्ञापनपत्रसमेत बुझाए।

वडा अध्यक्ष चन्दन कुशवाहाले मेयर अजय प्रकाश जैसवालले पाँच वटा वडामाथि अन्याय गरेको आरोप लगाए । पाँच वडाको विकास बजेट कटौती गरी करारका कर्मचारीको तलबका नाममा रकम विनियोजन गर्ने भनिए पनि सम्पूर्ण रकम त्यस प्रयोजनमा खर्च नभई अनियमितता गरिएको दावी गरेका छन्।

बहिष्कारमा उत्रिएका वडा अध्यक्षहरूको आरोप अनुसार पाँच वडाको विकास बजेट शून्य बनाइएको छ भने बाँकी चार वडामा करिब ९०÷९० लाख रुपैयाँका दरले बजेट छुट्याएर मेयरले पक्षपातपूर्ण व्यवहार गरेका हुन् । बहिस्कारमा उत्रेका वडा अध्यक्षहरुले नगरसभा नमान्ने र न्यायका लागि अदालत जाने चेतावनी दिएका छन्।

वडा नं. ५ का अध्यक्ष सर्फलाल गुप्तामाथि पनि अन्य जनप्रतिनिधिबीच फाटो ल्याई आफ्नो वडाको हितमा बजेट प्रभावित पारेको आरोप बहिष्कारमा सहभागी वडा अध्यक्षहरूले लगाएका छन् । दोस्रो पटक वडा अध्यक्ष बनेका गुप्ता यसअघिका मेयर सियाराम कुशवाहाको कार्यकालमा पनि जनप्रतिनिधि फुटाएर आफ्नो दुनो सोझ्याउने गरेको आरोप लागेको छ । गुप्ताले भने आरोपको खण्डन गरेका छन्।

# बलवा नगरपालिका साक्षर घोषणा




**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरीको बलवा नगरपालिका औपचारिक रूपमा साक्षर नगरपालिका घोषणा भएको छ । आयोजित विशेष समारोहमा मधेश प्रदेशसभा सदस्य सुरीता साहले साक्षर नगरपालिका घोषणापत्र नगरप्रमुख रामविजय महतोलाई हस्तान्तरण गरेकी हुन् । कार्यक्रममा सहभागी सरोकारवालाहरूले साक्षरता अभियानलाई निरन्तरता दिने प्रतिबद्धता जनाउँदै प्रतिबद्धता–ब्यानरमा हस्ताक्षरसमेत गरेका थिए।

बलवा नगरपालिकाका अनुसार नगरका २७ हजार ११५ जना नागरिक साक्षर भएका छन्।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेशसभा सदस्य सुरीता साहले साक्षरता समतामूलक समाज निर्माण र राष्ट्र विकासको महत्वपूर्ण आधार भएको बताउँदै पूर्ण साक्षर नगरपालिका तथा पूर्ण साक्षर मधेश प्रदेश निर्माणका लागि सबै पक्षबीच सहकार्य आवश्यक रहेको बताइन्।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले शिक्षाले व्यक्तिको जीवनमा सकारात्मक परिवर्तन ल्याउनुका साथै समाजमा सम्मान र अवसरसमेत दिलाउने उल्लेख गर्दै साक्षरता अभियानलाई थप प्रभावकारी बनाउन आग्रह गरे।

कार्यक्रममा साक्षरता अभियानमा योगदान पु¥याएका ७७ जना तथा १४० जना विद्यार्थीलाई प्रमाणपत्रसहित सम्मान गरिएको थियो।

नेपाल सरकारले तोकेको मापदण्डअनुसार आवश्यक योग्यता पूरा गरेपछि स्थानीय तहलाई साक्षर घोषणा गर्ने व्यवस्था रहेको छ।

# वीरगंजमा घरटहरा हटाउने अभियान जारी

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा सडक सीमा संरक्षण अभियान अन्तर्गत आज बिहानदेखि गण्डक क्षेत्रबाट तीन वटा डोजर परिचालन गर्दै अतिक्रमण हटाउने कार्य सुरु गरिएको छ । त्रिभुवन राजपथ अन्तर्गत सिरिसिया मितेरी पुलदेखि बहुअरी गण्डक चोकसम्मको सडक खण्डमा सडक सीमाभित्र रहेका संरचना हटाउन सडक डिभिजन कार्यालय हेटौँडाले अभियान अघि बढाएको हो।

यसअघि सडक डिभिजनले सडक सीमाभित्र रहेका संरचना हटाउन १५ दिनको समय दिएको थियो । आइतबार समयसीमा सकिएपछि आजदेखि डोजर परिचालन गरी अतिक्रमण हटाउने कार्य सुरु गरिएको हो । वीरगंजको मुख्य सडक क्षेत्रका घरधनी तथा व्यवसायीहरूको विरोध र आन्दोलनका बाबजुद तीन वटा डोजर प्रयोग गरी सडक सीमाभित्रका संरचना हटाइँदै छ।

अभियानमा सडक विभागका कर्मचारीका साथै नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र वीरगंज महानगरपालिकाका नगर प्रहरी परिचालन गरिएको छ । सुरक्षा व्यवस्थाका बीच सडकको केन्द्र रेखाबाट दायाँ–बायाँ २५–२५ मिटरभित्र रहेका संरचना हटाउने कार्य जारी रहेको सडक डिभिजनले जनाएको छ।

# रेड बुक संशोधनको माग गर्दै मुख्यमन्त्रीलाई ज्ञापनपत्र

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले ल्याएको आर्थिक वर्ष २०८३–८४ को बजेटप्रति युवाले असन्तुष्टि जनाएका छन् । युवासम्बन्धी कार्यक्रम र बजेट समावेश नगरिएको भन्दै उनीहरूले मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई ज्ञापनपत्र बुझाएका छन्।

युवा अभियन्ता मो. नइम राईनको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले सोमबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पुगेर ज्ञापनपत्र हस्तान्तरण गरेको हो।

ज्ञापनपत्रमा मधेश प्रदेशको कुल जनसंख्याको ४० प्रतिशतभन्दा बढी हिस्सा युवा रहेको उल्लेख छ। तर आगामी आर्थिक वर्षको रेड बुकमा युवालाई लक्षित कुनै पनि कार्यक्रम वा बजेट नराखिएको भन्दै गम्भीर आपत्ति जनाइएको छ।

खेलकुद तथा समाज कल्याण मन्त्रालयअन्तर्गत युवा महाशाखा रहे पनि त्यसका लागि छुट्टै बजेट विनियोजन नगरिएको युवाहरूको भनाइ छ । नीति र योजनामा युवालाई प्राथमिकतामा राखिए पनि बजेटमा त्यसको प्रतिबिम्ब नदेखिएको उनीहरूको आरोप छ।

युवाहरूले प्रदेश सभाबाट रेड बुक पारित गर्नुअघि नै बजेट संशोधन गर्न माग गरेका छन् । युवाका कार्यक्रम समेटेर मात्रै बजेट पारित गर्न उनीहरूले सरकारसँग आग्रह गरेका छन्।

ज्ञापनपत्रमार्फत युवाहरूले रेड बुक संशोधन गरी युवा महाशाखा तथा अन्य युवा लक्षित कार्यक्रमका लागि पर्याप्त बजेट छुट्याउन माग गरेका छन् । प्रदेश युवा नीति स्वीकृत गरी कार्यान्वयनका लागि आवश्यक स्रोत सुनिश्चित गर्न पनि उनीहरूले आग्रह गरेका छन्।

यस्तै, प्रदेश युवा परिषद् गठन प्रक्रिया तत्काल अघि बढाउन र त्यसका लागि आवश्यक बजेट व्यवस्था गर्न माग गरिएको छ । नेतृत्व विकास, क्षमता अभिवृद्धि, स्वयंसेवा, उद्यमशीलता, नवप्रवर्तन तथा सामाजिक रूपान्तरणसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न पनि उनीहरूले आग्रह गरेका छन्।

ज्ञापनपत्र बुझाउँदै युवा अभियन्ता मो. नइम राईनले मधेशका लाखौँ युवाको भविष्य र अवसरलाई बेवास्ता नगर्न सरकारलाई आग्रह गरे । रेड बुक पारित हुनुअघि नै बजेट सच्याउनुपर्ने उनको भनाइ थियो। ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्रीले युवाहरूका मागप्रति सरकारको ध्यानाकर्षण भएको बताए। बजेट पारित हुनुअघि आवश्यक समन्वय र संशोधनका लागि पहल गर्ने आश्वासन पनि उनले दिए।

# निजगढलाई वैकल्पिक अन्तरराष्ट्रिय विमानस्थलका रूपमा अगाडि बढाइने

**काठमाडौँ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले संस्कृतिको जगेर्ना, प्रवद्र्धन र पर्यटकीय क्षेत्रको विकासका लागि सरकार क्रियाशील रहेको बताएका छन्।

राष्ट्रियसभाको सोमबारको बैठकमा विनियोजन विधेयक, २०८३ अन्तर्गत पर्यटन मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले नागरिक उड्डयन क्षेत्रको विकास र विस्तारलाई उच्च प्राथमिकतामा राखिएको जानकारी दिए।

मन्त्री पौडेलले प्राप्त बजेट सीमा तथा सिलिङभित्र रहेर देशैभरि समन्यायिक ढङ्गले बजेट विनियोजनको प्रयास गरिएको स्पष्ट पारे।

उनले अब बन्ने पर्यटन ऐन र नियमावलीमा सात हजार मिटर माथिका हिमाल आरोहण नगरी सगरमाथा चढ्न नपाउने प्रावधानको व्यवस्था गरिने बताए । 'आगामी दिनहरूमा सगरमाथा माथिको 'प्रेसर' लाई घटाउन सरकार प्रतिबद्ध छ,' उनले भने।

पर्यटनको विविधतालाई ख्याल गर्नुपर्ने धारणा राख्दै मन्त्री पौडेलले एउटै मात्र क्षेत्रमा पर्यटन प्रवद्र्धन गर्ने र त्यसबाट मात्रै पर्यटनलाई आधारित गराउँदै जाने हो भने त्यो दिगो र 'सस्टेनेबल' हुन नसक्ने बताए । 'त्यसका लागि पर्यटनका विभिन्न आयामहरूमा प्रवेश गर्नैपर्छ भनेर आरोग्य पर्यटन जस्ता योजना ल्याइएको हो,' उनले भने।

मन्त्री पौडेलले लक्ष्यअनुसार पर्यटक भित्र्याउन पर्यटकीय गतिविधि व्यवस्थित रूपमा अगाडि बढाउने, जीर्ण विमानस्थल सञ्चालनमा ल्याउने तयारी भइरहेको जानकारी गराए।

'नेपालका विभिन्न तीर्थस्थल, मेचीदेखि महाकालीसम्मका पर्यटकीय क्षेत्र, चिसो ठाउँहरूमा भारतीय पर्यटकको संख्या वृद्धि भइरहेको छ,' उनले भने, 'मुक्तिनाथ क्षेत्रमा मात्रै गतवर्ष करिब एक लाख ३२ हजारभन्दा बढी भारतीय पर्यटक प्रवेश गरेका छन्।'

पर्यटक आगमन अभिवृद्धि र पर्यटन प्रवद्र्धनमा सरकारी, निजी, गैरसरकारी, दातृ निकाय र 'डायस्पोरा' सँगको सहकार्यलाई सरकारले जोड दिएको उहाँको भनाइ थियो।

मन्त्री पौडेलले निजगढ विमानस्थललाई वैकल्पिक अन्तरराष्ट्रिय विमानस्थलका रूपमा अगाडि बढाउने योजनामा मन्त्रालय रहेको स्पष्ट पार्नुभयो । 'नीतिमा मात्रै होइन, कार्यान्वयनयोग्य र लगानी 'मोडालिटी' तय भए पश्चात आवश्यक बजेटसमेत विनियोजन हुनेछ,' उनले भने।

नेपाललाई भारत सरकारले उपलब्ध गराएको अयोध्यास्थित जग्गामा धार्मिक पर्यटक विश्रामस्थल बनाइएको जानकारी दिँदै मन्त्री पौडेलले सो विषयले दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने विश्वास व्यक्त गरे। 'जसरी लुम्बिनीमा विभिन्न देशहरूको स्मारकको रूपमा गुम्बा, चैत्य निर्माण भइरहेका छन् । त्यसरी नै हामीले अयोध्यामा विश्रामस्थल बनाउन लागेका हौँ,' उनले भने।

मन्त्री पौडेलले पोखरा र गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलका लागि अत्यावश्यक मानिएको 'एयर रुट' सम्बन्धी विषय टुङ्ग्याउन सरकारले कूटनीतिक पहल गरिरहेको सदनलाई जानकारी गराए।

राष्ट्रियसभाको आगामी बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि, वन तथा पर्यावरण, पूर्वाधार विकास, गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, परराष्ट्र, अर्थ र रक्षा मन्त्रालय तथा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय र राष्ट्रिय योजना आयोगको सचिवालयको विनियोजन शीर्षकमाथि उठेका प्रश्नको सम्बन्धित मन्त्रीले जवाफ दिनुहुने कार्यक्रम रहेको छ।

# जनसरोकारका विषयमा सम्बोधन नभएकामा सांसदकै असन्तुष्टि



**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टीका पर्सा निर्वाचन क्षेत्र नम्बर–१ का प्रतिनिधिसभा सदस्य हरि पन्तले आफ्नै पार्टी नेतृत्वको सरकारप्रति असन्तुष्टि जनाउँदै प्रतिनिधिसभामा सरकारको कार्यशैलीको आलोचना गरेका छन् । प्रतिनिधिसभाको सोमबारको बैठकमा बोल्दै सांसद पन्तले आफूहरूले पटक–पटक उठाएका जनसरोकारका विषय सरकारसम्म पुगे पनि कार्यान्वयन नभएको गुनासो गरे।

उनले प्रतिनिधिसभामा उठाइएका विषयहरू सदनको चार पर्खालभित्र मात्र सीमित हुने गरेको टिप्पणी गर्दै सरकार जनप्रतिनिधिका आवाजप्रति संवेदनशील बन्नुपर्ने बताए । सांसद पन्तले वीरगंजका तारे होटलहरूमा सञ्चालन भइरहेका खुला क्यासिनोमा नेपाली नागरिकको प्रवेश भइरहेको दाबी गर्दै त्यसलाई रोक्न सम्बन्धित निकाय प्रभावकारी रूपमा अघि नबढेको आरोप लगाएकाछन् । उनले क्यासिनोमा जुवाका कारण धेरै नेपाली आर्थिक रूपमा पीडित भएको उल्लेख गर्दै पर्सा प्रहरीको भूमिकाप्रति प्रश्न उठाए। त्यस्तै, उनले पर्सा नाकाबाट लागुऔषध कारोबार बढ्दै गएको दाबी गर्दै त्यसको प्रभावकारी नियन्त्रण हुन नसकेको विषय पनि प्रतिनिधिसभामा उठाएका थिए। उनले लागुऔषध नियन्त्रणमा सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउँदै सभामुखमार्फत आवश्यक कारबाहीको माग गरेका छन्।

# कोइरीबारे कारण देखाऊ आदेश

**मधेशदृष्टि**
**महोत्तरी।**
सर्वोच्च अदालतले नेकपा (एमाले)का पूर्वसांसद लक्ष्मी कोइरी महतोलाई पक्राउ गरी कैद कार्यान्वयन गर्नुको कारण पेस गर्न सरकारका नाममा आदेश दिएको छ । आफ्ना बाबुलाई गैरकानुनी रूपमा थुनामा पठाइएको दाबी गर्दै उनका छोरा मनोजकुमार महतोले दायर गरेको रिट निवेदनमाथि सुनुवाइ गर्दै न्यायाधीश नित्यानन्द पाण्डेयको इजलासले सरकारलाई पक्राउको आधार र कारण पेस गर्न आदेश दिएको हो।

मधेश आन्दोलनका क्रममा घाइते सशस्त्र प्रहरी थमन विकको हत्या घटनामा संलग्न रहेको अभियोगमा उच्च अदालत जनकपुरले गत साता पूर्वसांसद कोइरीलाई पाँच वर्ष कैद सजाय सुनाएको थियो । कामु मुख्य न्यायाधीश टेकनारायण कुँवर र न्यायाधीश मुरारीबाबु श्रेष्ठको



इजलासले जिल्ला अदालतको फैसला आंशिक रूपमा उल्ट्याउँदै कोइरीलाई पाँच वर्ष कैद सजाय हुने फैसला गरेको थियो।

रिट निवेदनमा १० वर्षभन्दा कम कैद सजाय तोकिएका र फैसला हुँदासम्म थुनाबाहिर रहेका व्यक्तिले धरौटी राखी सर्वोच्च अदालतमा पुनरावेदन गर्न पाउने कानुनी व्यवस्था रहेको उल्लेख गरिएको छ। अन्तिम फैसला नहुँदै उच्च अदालतको फैसलालगत्तै पक्राउ गरी कैद कार्यान्वयन गर्नु कानुनविपरीत भएको जिकिर निवेदकले गरेका छन् । यस विषयमा सर्वोच्च अदालतले सरकारसँग लिखित जवाफ माग गर्दै थप कानुनी प्रक्रिया अघि बढाएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन